# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क ३२ | २०७३ फागुन २ गते सोमबार | Monday, Feb 13, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


२२ औं जनयुद्ध दिवसको अवसरमा जारी

## क्रान्तिकारी माओवादीको विशेष अपील

२२ औं जनयुद्धको दिवसमा नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य' किरण'ले एक प्रेस वक्तव्य जारी गर्दै क्रान्ति आवश्यक र संभव भएको भन्दै विचारधारात्मक, राजनीतिक तथा सांगठनिक रुपमा क्रान्तिको तयारीको दिशामा सिङ्गो पार्टीपङ्क्तिलाई अनुशासित, जुझारु तथा कृयाशील तुल्याउँदै अगाडि बढ्न विशेष अपील गरिएको छ।"

वक्तव्यको पूर्ण पाठ यस्तो छ, : "आजको बाइस वर्ष अघि २०५२ फागुन १ गते नेकपा (माओवादी)को नेतृत्वमा महान् जनयुद्धको ऐतिहासिक उद्घोष गरिएको थियो । सो जनयुद्धको उद्देश्य देशलाई अर्ध सामन्ती, अर्ध औपनिवेशिक तथा नवउपनिवेशिक अवस्थाबाट मुक्त तुल्याउँदै नयाँ जनवादी गणतान्त्रिक राज्यसत्ताको स्थापना गरी वैज्ञानिक समाजवादको दिशामा अगाडि बढ्नु थियो। दशवर्षसम्मको अवधिमा रणनीतिक रक्षा र ... *बाँकी ८ पेजमा*

# 'क्रान्तिका लागि राजनीतिक र फौजी कार्यदिशामा समृद्धि आवश्यक'

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

ललितपुर । '२२ औं जनयुद्ध दिवस र अक्टोबर क्रान्तिको शतबार्षिकी'को अवसरमा आयोजना गरिएको प्रवचन कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले नेपालमा नयाँ जनवादी क्रान्तिको पूर्णताका लागि पार्टीको राजनीतिक तथा फौजी कार्यदिशालाई समृद्ध गर्नुपर्ने आवश्यकतामाथि जोड दिएका छन् । सशस्त्र जनविद्रोहको कार्यदिशाबाट नै नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्न सकिने भएपनि गाउँ र सहरलाई जोड्ने, राष्ट्र र अन्तर्राष्ट्रलाई जोड्ने, विज्ञान र कलालाई सन्तुलन मिलाउन क्रान्तिकारीहरु कुशल हुनुपर्नेमा पनि अध्यक्ष किरणले जोड दिए । अहिले क्रान्तिका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल भएपनि क्रान्तिकारीहरुको आत्मगत अवस्था कमजोर रहेको उल्लेख गर्दै क्रान्तिकारीहरुको आत्मगत अवस्थालाई सदृढ तुल्याउन क्रान्तिकारीहरुले मुख्य जोड दिनुपर्ने अध्यक्ष किरणले बताए।




क्रान्तिका लागि नीति र लाइनमाथिको प्रष्टता, रणनीतिमा दृढ र कार्यनीतिमा लचकता प्रदर्शन गर्न सक्ने उत्तराधिकारीहरुको आवश्यकतामाथि जोड दिंदै अध्यक्ष किरणले पार्टी, संयुक्त मोर्चा र सेना क्रान्तिका तीन जादुगरी हतियार निर्माणमा मुख्य जोड दिए । नेपालमा संचालित दशवर्षे जनयुद्ध र अक्टोबर क्रान्तिको विशेष चर्चा गर्दै अध्यक्ष किरणले जनयुद्धको क्रममा 'प्रचण्डपथ' भनेर गल्ती गरेको स्वीकारे । र, भने, "हामीले दशवर्षे जनयुद्ध, रुसको १९०५ को फरवरी क्रान्ति र १९१७ को अक्टोबर क्रान्तिबाट महत्वपूर्ण शिक्षा लिएर अगाडि बढ्नु पर्दछ।"

"सही रणनीति र कार्यनीतिको विन्यास गर्न सकियो भने हामी राम्रोसँग अगाडि बढ्न सक्छौं ।" अध्यक्ष किरणले भने, "विचारलाई नतिखारीकन अगाडि बढ्न सकिन्न।"

पार्टीका सचिवालय सदस्य तथा नेवा राज्य इन्चार्ज दिनेश शर्मा'सागर'को अध्यक्षतामा संचालित उक्त प्रवचन कार्यक्रममा बोल्दै पार्टीका कार्यालय सदस्य परि थापाले विद्रोह भनेको कला भएको चर्चा गर्दै क्रान्तिकारीले कलाको प्रयोग गर्न सिपालु बन्नुपर्नेमा जोड दिए। चीन र रुसमा भएका क्रान्तिको चर्चा गर्दै थापाले नेपालका क्रान्तिकारीहरुले ती क्रान्तिबाट महत्वपूर्ण शिक्षा लिनुपर्ने आवश्यकता औल्याए।

पार्टीका सचिवालय सदस्य पवनमान श्रेष्ठले संचालन गरेको उक्त कार्यक्रममा पार्टीका सल्लाहकार सचिव दीर्घराज पाण्डेलगायतले विचार राखेका थिए।

## क्रान्तिकारी माओवादीमा प्रवेशको लहर

**वर्गदृष्टि संवाददाता**

**डडेलधुरा ।** नेकपा (क्रान्तिकारी माओवादी) मा देशव्यापी रुपमा ध्रुविकरण भइरहेका बेला पश्चिम नेपालका विभिन्न जिल्लाबाट दर्जनौं नेता कार्यकर्ता अन्य पार्टी परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन्।

डडेलधुरामा क्षेत्रीय कलाकार सुदिप जैरु माओवादी केन्द्र परित्याग गरी नेकपा ( क्रान्तिकारी माओवादी) मा प्रवेश गरेपछि उनैको संयोजकत्वमा ११ सदस्यीय अमरगढी नगरपालिकाको नगर समिति गठन गरिएको छ।

यस्तै बाजुराको दरिमालिका नगरपालिका ७, गोरेका ७ जना नेपाली कांग्रेसका कार्यकर्ता क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन् । भने दार्चुलामा एमाले निकट अनेरास्ववियूका रमेश केसी अखिल क्रान्तिकारीमा प्रवेश गरेका छन्। उनी क्रान्तिकारी माओवादी निकट अखिल क्रान्तिकारीमा प्रवेश गरेपछि उनकै नेतृत्वमा ११ सदस्यीय समिति गठन भएको छ। उता बझाङमा माओवादी केन्द्रका सक्रिय विद्यार्थी नेता कमल थापासहित २१ जना क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन् भने राप्रपा नेपालका युवा संघको क्षेत्रीय सदस्य तथा पार्टी जिल्ला कमीटिका सदस्य मान ब. बोहरा लगायतका ५ जनाको टोली क्रान्तिकारी माओवादीमा प्रवेश गरेको छ।

## देशैभर र प्रवासमा समेत मनाइयो जनयुद्ध दिवस

**काठमाडौं ।** नेकपा (क्रान्तिकारी माओवादी)ले देशैभर र प्रवासमा समेत २२ औं जनयुद्ध दिवस मनाएको छ। प्राप्त समाचार अनुसार देशका सबै राज्य र जिल्लामा विभिन्न कार्यक्रम गरी जनयुद्ध दिवस मनाइएको छ भने प्रवासबाट हाम्रा संवाददाता सुरज कुमारले पठाएको समाचार अनुसार नेपाली एकता समाज भारतले २२ औं जनयुद्ध दिवसको भव्य रूपमा सम्पन्न गरेको छ। पार्टीका कार्यालय सदस्यद्वय इन्द्र मोहन सिंग्देल र रामसिंह श्रीसको उपस्थितिमा दिवस मनाएको हो । नेपाली एकता समाज भारतका केन्द्रीय संयोजक आनन्द थापाले अध्यक्षता गरेको दिवस कार्यक्रमको संचालन केन्द्रीय महासचिव विष्णु भट्टराईले गरेका थिए। सो कार्यक्रम बोल्दै नेपाली एकता समाज भारतका उपाध्यक्ष रामचन्द्र घिमिरेले जनयुद्धमा प्रबासी नेपालीहरुले खेलेको भूमिका गौरवपूर्ण रहेको बताएका थिए।

बुटबालबाट प्राप्त समाचार अनुसार नेकपा (क्रान्तिकारी माओवादी) जिल्ला समिति, रुपन्देहीले आयोजना गरेको जनयुद्ध दिवसको अबसरमा एक कार्यक्रमको आयोजना गरियो । पार्टीका सचिवालय सदस्य प्रेम सुवेदीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा अबधराज्य समितिका इन्चार्ज समेत रहेका सुवेदीले नयाँ जनवादी क्रान्तिका लागि अगाडि बढ्नु नैं जनयुद्ध मनाउनुको सार्थकता रहने बताए । कार्यक्रममा पार्टीका केन्द्रीय सल्लाहकार खुमानन्द भुसाल, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका नेता केजी कुमार पौडेल, पार्टीका सचिवालय सदस्य आरपी शर्मा पोखेल लगायतले बोलेका थिए। यस्तै, कपिलवस्तुको ... *बाँकी ७ पेजमा*

## इतिहास रच्ने पार्टी बनाउँछौं : विप्लव

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेकपा (माओवादी) का महासचिव नेत्र विक्रम चन्द ' विप्लव' ले इतिहास रच्ने पार्टी बनाउने उद्घोष गरेका छन् । पार्टीका ८ औं महाधिवेशन तथा २२ औं जनयुद्ध दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै विप्लवले विगतमा पार्टी धर्मराए पनि प्रतिक्रियावादी शक्तिसँग कुनै हालतमा घुँडा नटेक्ने बताए।

क्रान्तिको नेतृत्व गरेकाहरु नै क्रान्तिलाई सडकमा छाडेर केही बिकाउ माओवादीहरु संसदमा छिर्दैमा माओवादी सकिएको सपना नदेख्न संसदवादी दलसँग आग्रह गरे । उनले पार्टीमा साम्राज्यवादी र विस्तारवादीका किटाणुहरु छिर्दा अस्वस्थ भएको उल्लेख गर्दै त्यस रोगविरुद्ध आफूहरु लडिरहेको उल्लेख गरे।

पार्टीको महाधिवेशन देशविरुद्धको षढयन्त्रविरुद्ध क्रान्तिको उद्घाटन भएको उल्लेख गर्दै उनले आफूहरुले बाटो देखाउने र जनताले क्रान्ति गर्ने उल्लेख गरे। माओवादी शक्ति हारेर नभई जितेर शान्ति प्रक्रियामा आएको हेक्का राख्न संसदवादी दलहरुलाई आग्रह गरे। ... *बाँकी ७ पेजमा*

## प्रचण्डको नालायकीपनले आईजीपीको मुद्दा सर्वोच्चमा

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले आत्मविश्वासपूर्ण निर्णय लिन नसक्दा प्रहरी महानिरीक्षक नियुक्तिको विषय सर्वोच्चमा पुगेको छ । आइतबार अपरान्ह बोलाइएको मन्त्रिपरिषदको बैठक काँग्रेस सभापति शेरबहादुर देउवाको दबाबमा बिहानै बोलाएर बरियताक्रममा तेस्रो नम्बरमा रहेका जयबहादुर चन्दलाई महानिरीक्षकमा नियुक्त गरेको थियो।


यसअघि बरियताक्रममा पहिलो नम्बरमा रहेका सिलवाललाई पाखा लगाउँदै कांग्रेस सभापति शेरबहादुर देउवाको दबाबमा चन्दलाई आईजीपी नियुक्त गर्ने तयारी भएको भन्दै त्यसलाई रोक्न माग गर्दै शुक्रबार सर्वोच्चमा रिट दायर गरेका थिए।

रिटको पेसी तोकिएको आइतबार अदालत नखुल्दै बिहानै मन्त्रिपरिषदको बैठक बसेर चन्दलाई प्रहरी महानिरीक्षक नियुक्त गरिएको थियो। चन्दभन्दा अघि वरिष्ठतामा सिलवाल र प्रकाश अर्याल रहेका छन्।

सर्वोच्च अदालतले डिआईजी चन्दलाई प्रहरी महानिरीक्षक बनाउने निर्णय तत्काल कार्यान्वयन नगर्न सरकारका नाममा आदेश दिएको छ। प्रधानन्यायधीस सुशीला कार्कीको इजलासले चन्दलाई महानिरीक्षक बनाउने निर्णय झिकाउन पनि आदेश दिएको छ । सर्वोच्चमा थप छलफलपछि ... *बाँकी ७ पेजमा*

## अक्टोबर क्रान्ति र जनयुद्ध दिवस

सन् १९१७ अक्टोबरमा रुसमा कम्युनिस्ट पार्टीको नेतृत्वमा महान् समाजवादी क्रान्ति सम्पन्न भएको थियो । अहिले सो क्रान्ति सम्पन्न भएको एक सय वर्ष पूरा भइसकेको छ। अहिले विश्वमा विभिन्न देशका साथै नेपालमा पनि अक्टोबर क्रान्तिको शतवार्षिकी मनाउने काम भइरहेको छ । त्यसै क्रान्तिको आलोकमा विश्वमा र नेपालमा पनि सर्वहारा वर्गले आफ्नो तथा उत्पीडित जनसमुदायको मुक्ति र साम्यवादको दिशामा अगाडि बढ्नका लागि ऐतिहासिक उत्प्रेरणा प्राप्त गरेको थियो। २०५२ फागुन १ गते नेपालमा नयाँ जनवादी क्रान्ति संम्पन्न गर्नका लागि सञ्चालित महान् जनयुद्ध पनि रुसी अक्टोबर समाजवादी क्रान्तिकै एक अभिन्न अङ्ग थियो।



मोहन वैद्य 'किरण'

२०७३ साल फागुन १ गते हामीले बाइसौ महान् जनयुद्ध दिवस मनाएका छौ। २२ वर्ष अगाडि नेपालमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को नेतृत्वमा नयाँ जनवादी गणतान्त्रिक राज्यसत्ता स्थापना गरी समाजवादको दिशामा अगाडि बढ्नका लागि सामन्तवादका साथै साम्राज्यवाद र विस्तारवादद्वारा हुँदै आएका उत्पीडन तथा हस्तक्षेपका विरुद्ध महान् जनयुद्धको उद्घोष गरिएको थियो । आज हामी त्यसै जनयुद्धको सजीव रुपमा संस्मरण गरिरहेको छौं।

हामी अत्यन्तै छोटो अवधिमा भव्य र आश्चर्यजनक रुपमा रणनीतिक रक्षा र सन्तुलनको प्रक्रिया पारगर्दै देशका विशाल ग्रामीण क्षेत्रहरुमा अनेकौं अस्थायी आधार इलाका र जनसरकारहरुको स्थापना गर्दै अगाडि बढेका थियौं । सात डिभिजनसम्म जनमुक्ति सेनाको निर्माण गरिएको थियो । दश वर्षसम्म सञ्चलित महान् जनयुद्धले सिङ्गो देशलाई मात्र थिएन, अपितु विश्वलाई नै चकित तुल्याएको थियो।

महान् जनयुद्धको प्रक्रियामा झण्डै चौध हजार जति वीर वीराङ्नाहरुले सहादत प्राप्त गरेका थिए । सयौ योद्धाहरु राज्यद्वारा वेपता पारिएका थिए र विशाल संख्यामा जनमुक्ति सेनाका योद्धाहरु अपाङ्ग बन्न गएका थिए। यस प्रकारको त्याग, वीरता र बलिदानमा आधरित कीर्तिमानहरुका बिचवाट महान् जनयुद्धले निकै ओज, गरिमा र भव्यताका साथ नयाँ उँचाइ स्थापित गर्दै विजयको सन्निकट पुग्दै गइरहेको थियो । परन्तु, विडम्बना पार्टीको मूल नेतृत्वमा गंभीर प्रकारको दक्षिणपन्थी अवसरवादी विचलन पैदा हुनु र त्यसलाई समयमै परास्तगर्न नसक्नुको कारण जनयुद्धले गंभीर धक्का खान पुग्यो। हामीले दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्गका साथै वैदेशिक प्रतिक्रियावादी उत्पीडन र पुरानो संसवादी शासन सत्ताका विरुद्ध क्रान्तिको झण्डा उठाएका थियौं । परन्तु, आज तिनै वर्ग, त्यही सत्ता र तिनै शक्तिहरुको हालीमुहाली चलिरहेको छ। त्यतिमात्र होइन, जनयुद्धको नेतृत्व गर्ने कैयौ नेताहरु वर्गीय तथा राष्ट्रिय आत्मसमर्णवादको वाटो पकड्दै प्रतिक्रियावाद उन्मुख बन्दै गएका छन् । यद्यपि हामी पार्टीमा विद्यमान दक्षिणपन्थी नवसंशोधनवादकाविरुद्ध विद्रोहको झण्डा उठाउँदै पुनःक्रान्तिको तयारीको दिशामा अगाडि बढिरहेका छौं, परन्तु, जनयुद्ध र नयाँ जनवादी क्रान्तिले खाएको अजङ्गको धक्का र आहतवाट भने अझै मुक्तहुन सकेको छैनौ।

आज महान् जनयुद्ध र क्रान्तिका विरुद्ध वर्गीय र राष्ट्रिय आत्मसमर्पणवादको बाटो समातेका नवसंशोधनवादी नेताहरु नेपालमा नयाँ जनवादी क्रान्ति पुरा भइ सक्यो र अव समजवादी क्रान्तिको बाटोमा लाग्नु पर्छ भन्दै ठुलो विभ्रमका खडा गरिरहेका छन्। त्यो विभ्रम तोड्न र त्यसलाई सैद्धान्तिक तथा राजनीतिक रुपमा परास्त गर्नका लागि हामीले लेनिनको नेतृत्वमा सम्पन्न महान् अक्टोबर समाजवादी क्रान्तिको गरिमामय इतिहासवाट एउटा अविस्मरणीय पाठ सिक्न जरुरी छ। त्यो वेला रुसमा १९१७ फरबरीमै पुँजीवादी जनवादी क्रान्ति संम्पन्न भइसकेको थियो र फरबरी क्रान्तिले रुसमा लोकतान्त्रिक गणतंन्त्रको स्थापना गरेको थियो । परन्तु, लेनिनले त्यस प्रकारको लोकतान्त्रिक गणतन्त्रका विरुद्ध समाजवादी कार्यक्रम र कार्यदिशाको उद्घोषण गरी महान् अक्टोवर समाजवादी क्रान्तिलाई सम्पन्न तुल्याउनु भएको थियो । त्यसको ठीक विपरीत नेपाली नवसंशोधनवादीहरु लोकतान्त्रिक गणतंन्त्रको संविधान कार्यन्वयनको कार्यक्रम र कार्यदिशा अवलम्वन गरी पश्चगामी राज्यसत्ताको रसास्वादनमा डुव्दै अत्यन्तै विचित्र तथा भद्दा ढङ्गको राजनीतिक प्रहसन र गाइजात्रामा लागेका छन्। ... *बाँकी ७ पेजमा*

## सम्पादकीय

# जनयुद्ध दिवस मनाउनुको अर्थ

१ फाल्गनु २०७३ मा जनयुद्धको २२ औं बर्षगाँठ मनाइयो । खासगरी नेकपा (क्रान्तिकारी माओवादी) र विप्लव माओवादीले जनयुद्ध दिवसलाई लक्षित गरी विभिन्न कार्यक्रम गरी यो दिवस मनाए । क्रान्तिकारी माओवादीले अक्टोबर क्रान्तिको सतबार्षिकीलाई समेत जोडेर पार्टीको नेवा राज्यले प्रवचन कार्यक्रमको आयोजना गऱ्यो भने जिल्ला जिल्लामा विभिन्न कार्यक्रम गरी दिवस मनाइयो । विप्लव माओवादीले भने पार्टीको आठौं अधिवेशनमार्फत् जनयुद्धलाई स्मरण गऱ्यो । अन्य माओवादी नेता कार्यकर्ताले पनि विभिन्न रुपमा आ-आफ्नै सापेक्षतामा जनयुद्धलाई स्मरण गरे ।

जनयुद्ध आफैमा युगान्तकारी परिघटना थियो । नेपाली समाज तीव्र रुपान्तरणको प्रक्रियामा अगाडि बढेको थियो, दशवर्षे जनयुद्धको कालखण्डमा । वर्षौंदेखि प्रतिक्रियावादी राज्यव्यवस्थाको जाँतोमुनि पिल्सिएका उत्पीडित जनताले चैनको श्वास फेर्न पाएका थिए । गाउँ गाउँबाट सामन्त, जमिन्दार, सुदखोर, जाली, फ्झेली फटाहाहरु भागेर पुरानो सत्ता सीमित रहेको सदरमुकाम पसेका थिए । जनताले पहिलोपटक स्वतन्त्रताको महसुस गरेका थिए । गाउँ गाउँमा जनसत्ताहरु संचालित थिए । आधारइलाका विस्तार हुँदै थियो । जनमुक्ति सेनाले आधारइलाका, जनसत्ता र जनकम्युनको सुरक्षा मात्रै गरेको थिएन, सामन्ती राज्यव्यवस्थामा आधारित संसदीय व्यवस्थाको समूल अन्त्यका लागि निर्णायक युद्ध लडिरहेको थियो । तर नेतृत्वमा आएको विचलन र गरेको गद्दारीका कारण दशौं हजार जनयोद्धाले बगाएको रगतको तागतमा निर्मित आधारइलाका, जनसत्ता, जनमुक्ति सेना हेर्दाहेर्दै विघटन गरिए र हतियारहरु पुरानो सत्तालाई बुझाइयो । पार्टीमा टुट, फुट, विभाजन आयो । माओवादी संसदवादी र विद्रोही खेमामा विभाजित भए ।

अहिले मोहन वैद्य‘किरण’ नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)ले जनयुद्धका एजेण्डाहरु बोकेर हिंडिरहेको छ भने प्रचण्ड नेतृत्वको नेकपा (माओवादी केन्द्र) संसदीय भाषमा जाकिएको छ । नेत्रविक्रम चन्द‘विप्लव’ नेतृत्वको नेकपा (माओवादी) पार्टीको नाम ‘माओवादी’ नै नराख्ने स्थितिमा पुगेको छ र रुपमा क्रान्तिकारी गतिविधि जस्तो गरेर सारमा प्रतिक्रियावादी सत्तासँग ‘सत्ता साझेदारी’ गर्ने लाइनमा पुगेको छ । जनयुद्धताकाका शीर्ष नेता बाबुराम भट्टराई त माओवादी आन्दोलनसँगै साइनो सम्बन्ध तोडेर बुर्जुवा कित्ताको पुँजीवादी विचार अँगाल्न पुगेका छन् । माओवादी आन्दोलनलाई जसरी पनि सिध्याउन लागिपरेको साम्राज्यवादले नेतृत्व तहमै विचलन गराइदिएर आन्दोलन सिध्याउन सकिने सपना देखेको भए पनि दोस्रो तहको नेतृत्वले विद्रोह गरेर आन्दोलनलाई नयाँ ढंगले संगठित गर्न थालेपछि फेरि पनि विभाजन ल्याइयो र पछिल्लो पटक त पार्टी एकताको नाममा क्रान्तिकारी धारलाई नै सिध्याउन निकै कसरत गरियो तर उनीहरु सफल हुन सकेनन् । फेरि पनि माओवादी आन्दोलनको क्रान्तिकारी धाराको रुपमा नेकपा (क्रान्तिकारी माओवादी) स्थापित बनेर आम श्रमजीवि जनता बीचमा गएको छ ।

अहिले दक्षिणपन्थी संशोधनवाद नेपालमा नयाँ जनवादी क्रान्तिको लागि प्रमुख खतरा बनेर देखापरेको छ । जसको नेतृत्व प्रचण्ड नेतृत्वको माओवादी केन्द्र र केपी ओली नेतृत्वको एमालेले गरेका छन् । यो प्रवृत्तिले जनतामा फिंजाएको भ्रम चिर्दै अवरुद्ध पारेको समाजको क्रान्तिकारी रुपान्तरणको प्रक्रियालाई नयाँ ढंगले अगाडि बढाउन सच्चा क्रान्तिकारीहरु एकजुट हुनु पर्ने बेला आएको छ ।

क्रान्तिका लागि सही विचारधारात्मक तथा राजनीतिक कार्यदिशाको जरुरत पर्दछ । नेकपा (क्रान्तिकारी माओवादी)ले ‘नेपाली विशेषतामा आधारित सशस्त्र विद्रोह’को कार्यदिशालाई स्पष्ट पार्दै नयाँ जनवादी क्रान्तिको तयारीलाई तीव्रता दिंदै आएको छ । अब विभिन्न पार्टीमा छरिएर रहेका क्रान्तिकारीहरु यही कार्यदिशा समातेर उठ्न र क्रान्तिको प्रक्रियामा जुट्न जरुरी छ । अहिले पनि जनयुद्धले अगाडि सारेका अधिकांश एजेण्डाहरु सडकमै छन् । ती एजेण्डा कार्यान्वयन नहुँदासम्म नेपालमा नयाँ जनवादी क्रान्ति पूरा भएको मानिन्न । अहिले क्रान्तिका लागि वस्तुगत अत्यन्तै अनुकूल बनेपनि क्रान्तिकारीको आत्मगत अवस्था कमजोर छ । सच्चा क्रान्तिकारीहरुको चट्टानी एकताले मात्र त्यो आवश्यकतालाई पूरा गर्नेछ र क्रान्तिको प्रक्रियालाई अगाडि बढाउन सक्नेछ । जनयुद्ध दिवस मनाउँदै गर्दा क्रान्तिकारीहरुले गर्नुपर्ने संकल्प पनि यही हो ।


**परिवर्तनको सम्वाहक**




**सत्यतथ्य निश्पक्ष खबर तथा विचारका लागि सँधै हेर्नै र पढ्ने गरौं ।**

www.moolbato.com


# वर्ग र वर्गदृष्टिकोण

कालजयी कुरालाई मानिसले बदल्नको लागि जब नयाँको कुरा गर्न थाल्छ, तब उसले नयाँ शक्ति अर्थात् जीवनभर कम्युनिष्ट पार्टी र कम्युनिष्ट सिद्धान्तको लागि आफ्नो उर्वर समय बिताएर मर्ने बेलामा पार्टी र शक्तिबाट च्युत भएर कम्युनिष्ट नामै त्याग्छ उसबाट अरुले के आश गर्न सक्छन् । सबै तल्लो वर्ग एवं जातिलाई गरी जुगेडी, जुटपानी संघर्षको नेतृत्व गरेर नेपालै थर्काउने रुपलाल विश्वकर्मा भने बेलामा कांग्रेसको जन वर्गीय संगठनको रुपमा दलित, श्रमिक संगठन बनाएर भरें न पुरानाले संझने नयाँले अपनत्व लियो । त्यसै भएर हाम्रा बाऊ-बाजेले भन्ने उखान ठ्याक्कै चरितार्थ भयो । ‘मर्ने बेलामा हरियो काक्रो’ । निश्चितै रुपमा भालेवादका आधारभुत सिद्धान्त वर्ग-संघर्ष, वल प्रयोगको भुमिका सर्गहारा वर्गको अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्ति जस्तो आधारभुत कुरामा टेकेर विकास गर्दा त्यसले नयाँ नयाँ विकास गरेको हामी पाउँछौ । त्यस अन्तर्गत मार्क्सवाद-लेनिनवादमा र लेनिनवाद-माओवादमा विकास भयो । ज्ञान प्राप्तिको तीन वटा सिद्धान्त वर्ग-संघर्ष, उत्पादनको निम्ति संघर्ष र वैज्ञानिक प्रयोग मार्फत् प्राप्त ज्ञानले मालेमावादलाई हराभरा, पुनर्जागृत र विकासित गराउदै लग्यो । मालेमावादले नयाँ जनवाद, समाजवाद र साम्यवादको गोरेटो कोरी सकेको छ मानिसले यसलाई समृद्ध बनाएर चौडा राजमार्ग बनाउने हो । त्यसपछि मावनजातिले प्रकृतिसंग संघर्ष गरेर नयाँ नयाँ ज्ञानको क्षितिज उगार्दै अगाडि बढ्ने हो । जसले यो गोरेटोमा हिड्न झंझट मान्छ र बनिबनाउ राजमार्ग खाज्छ, ऊ भौतारिदै घुमीफिरी रुम्जाटार जस्तै पुरानै संसदीय बाटोमा पुग्दछ ।

०३५/०३६ सालको नेपालको जनआन्दोलन पछिको नेपाली जनतालाई सचेत पार्न नेपालका दुईवटा सांस्कृतिक समुह वेदना परिवार र संकल्प परिवारले सांस्कृतिक टोली बनाउदै नेपालभरि अभियान चलाए । सशस्त्र वर्ग-संघर्षबाट पलायन भएर विस्तारै शान्तिपुर्ण जन-आन्दोलनतिरको ओरालो लागेको संकल्प परिवारको विचार र शान्तिपूर्ण जनआन्दोन र सुधारवादी कार्यदिशाबाट वाक्क भएर सशस्त्र युद्धको सिद्धान्तको खोजीमा भौतारिएको वेदना परिवारको भेट त्यहिमध्ये विन्दुमा भएको थियो । एउटा आरोलो लागेको संकल्प परिवारको परिकल्पना हालको एमाले र वेदना परिवारको सोच हालको माओवादी आन्दोलन हो । भर्खर वर्ग संघर्षबाट खुला रुपमा आएको संकल्प परिवारको एउटा गीत त्यतिखेर निकै मार्मिक लाग्ने गर्थ्यो- ‘आफ्नै दाजुले आफ्नै भाईलाई ठग्छ, एउटै बावुका सन्तान हौं, हामी भनि गरिने प्रेम व्यवहारमा झुटो हुन्छ । धरानको साहुले धरानकै गरिबलाई ठग्छ, एउटै ठाउँको हौं भनि गरिने प्रेम व्यवहारमा झुटो हुन्छ । वर्गीय समाजमा वर्गीय प्रेम मात्रै न्यानो र चोखो हन्छ ।’ यो गीतको मर्म हालको कम्युनिष्ट आन्दोलनमा प्रष्ट देख्न पाइन्छ ।

एनजिओ र आईएनजिओको जालोमा परेका एमालेका नेतागण जो नव धनाढ्यमा परिणत हुँदै आलिशान महल र धनको मालिक बनेका छन् र त्यत्रो सशस्त्र जनयुद्धपछि भाइ एमाले बन्दै, उसलाई उछिन्न लागि परेको माकेको दौड गरिब, मजदुर र किसानले बडो चाख मानेर हेरिरहेको छन् । कोहि-कोहि मानिसले भन्ने गर्दछन्- ‘हामीलाई त नपुग्दो के थियो र सर्वहारा वर्गको लागि मरी मरी काम गऱ्यो उसैलाई वास्ता छैन हामीलाई के खाँचो’ भनेर । धन्ने हो ती मानिस, जो अर्काको लागि भनेर काम गर्छन्, तीनिहरुले वास्तविक काम कहिल्यै गदैनन् । आफ्नै वर्गको रीस, डाहा, इर्स्या र वदलाको भावनाका साथ सर्वहारा मजदुर किसानको वलमा आफ्नै वर्गसँग बदला लिने र आफू त्यही वर्गमा उक्लने गर्छन् इतिहासले त्यस्तालाई सडकमा ल्याएर, मिलेराँ, वांल्कि, बर्नस्टीन, लासाल, ख्रुश्चोभ र तेङ सियायो पिङको रुपमा पाहा पछारे झैं पछारेको छ र जो साँच्चै सर्वहारा वर्गको मुक्तिको लागि सर्वहारा वर्गसँग एकाकार भएका छन्, उनीहरु गरिब र सर्वहारा मजदुर र किसानको बीचमा ध्रुवतारा जस्तै चम्किलो भएर मार्क्स-एगेंल्स, लेनिन स्टालिन र माओको रुपमा बाँचेका छन् ।

विजातीय तत्वहरु विभिन्न हिनता, कुण्ठा, कमजोरी, अयोग्यताका कारण सर्वहारा वर्गमा घुसपैठको रुपमा प्रवेश गर्ने र मुसलधारे बर्षापछि च्याऊ उम्रने सिजनजस्तै उपयुक्त बेलामा आफ्नै वर्गमा फर्कने, जमिन्दार, विदेशी छात्रवृत्ति नपाएको झोंक, निम्न पुँजीवादी कुण्ठाको कारण जुन वर्गवाट आएका छन्, त्यही वर्गमा फर्कने गर्दछन् । आज झन्डै झन्डै विजयको शिखरमा पुगेको नेपाली कम्युनिष्ट आन्दोलन संसदीय व्यवस्थालाई ध्वस्त पार्न भन्दै १७ हजार नेपाली आमाका सर्वोत्तम छोराछोरी सहादतपछि स्वनाम घन्य कम्युनिष्ट पार्टी र त्यस्ता नेताहरुले त्यही संसदीय व्यवस्थामा फर्काउने घृष्टता गर्दैछन् । उनीहरुको हालत निकट भविष्यमा माथिका पाहा पछारिने कालो सूचीमा परेका खल नेतामा सुचिकृत हुनेछ ।

हो, अहिले निराशा, कुण्ठा, पलायन, अश्लिलता, आरोप, घृणाले ठाउँ लिएको छ, प्रतिक्रान्तिका कारण । यो अस्थायी कुरा हो । यो छिटै नै आशा, उदात्तता, वीरता,



चन्द्रहरी सुवेदी‘अटल’

*कुन वर्गमा जन्मने भन्ने कुरा मानिसको बशमा हुँदैन तर कुन वर्गको सेवा गर्ने भन्ने कुरा मानिसको इच्छामा भर पर्ने कुरा हो । वर्ग-संघर्षले मानिसको चेतनालाई उच्च बनाएको छ । पंचायत नाङ्गिन ३० बर्ष लाग्यो, कांग्रेस एमाले नाङ्गिन २० वर्ष पनि लागेन, माके त झन् १० वर्षमा ध्वस्तै हुन लाग्यो । यी सबैबाट पाठ सिकेर नेपाली समाजमा रहेका सच्चा देशभक्त, गणतान्त्रिक, कम्युनिष्टहरु एक ढिक्का भएर अगाडि बढ्न जरुरी छ ।*

सौर्यता, माया र प्रेममा बदलिने छ, बरु त्यतिखेर हामीले भन्नुपर्ने हुन्छ ‘हामीलाई आदर्श नठान्नुहोस्, हामी पनि एक दुईमा विभाजित छौं, हाम्रो गुणको तारिफ गर्न समय खेर नफाल्नुहोस्, हाम्रा कमजोरी पत्ता लगाउनुहोस् । मार्क्सको मनपर्ने वाक्य ‘हरेक कुरालाई शंकाको रुपमा ग्रहण गर’ लाई राम्रोसँग आत्मसाथ गर्नोस् र व्यवहारमा लागू गर्नुहोस् भनेर । निम्न पुँजीवादीहरु विश्वास गर्दैनन् र विश्वास गरेपछि शंकै गर्न बिर्सन्छन् । यो पुँजीवादी दृष्टिकोणलाई हामीले बदल्नै पर्छ ।


एउटा भनाई छ । कुन वर्गमा जन्मने भन्ने कुरा मानिसको बशमा हुँदैन तर कुन वर्गको सेवा गर्ने भन्ने कुरा मानिसको इच्छामा भर पर्ने कुरा हो । वर्ग-संघर्षले मानिसको चेतनालाई उच्च बनाएको छ । पंचायत नाङ्गिन ३० बर्ष लाग्यो, कांग्रेस एमाले नाङ्गिन २० वर्ष पनि लागेन, माके त झन् १० वर्षमा ध्वस्तै हुन लाग्यो । यी सबैबाट पाठ सिकेर नेपाली समाजमा रहेका सच्चा देशभक्त,गणतान्त्रिक, कम्युनिष्टहरु एक ढिक्का भएर अगाडि बढ्न जरुरी छ । त्यसको लागि सबै कम्युनिष्ट पार्टीभित्र रहेका इमान्दार शक्तिहरुलाई विचार-दर्शन-सिद्धान्त र राजनीतिको आधारमा ध्रुवीकरण गर्दै अगाडि बढ्न जरुरी छ । अहिले पार्टी एकताभन्दा पनि क्रान्तिकारी ध्रुवीकरणको बढी जरुरी छ । अहिले नेपालमा र विश्वभरि एउटा बहस जोड जबर्जस्ती रुपमा उठेको छ । हुन त यो नयाँ जस्तो लाग्छ तर त्यो नयाँ होइन । धेरै पल्ट उठ्दै सेलाउँदै गरेको बहस हो । सर्वहारा वर्गको नेतृत्व सर्वहारा वर्गले मात्र गर्न सक्छ । मध्यम र निम्न मध्यम वर्गबाट आएका नेताहरु र कार्यकर्ताहरु सर्वहारा गरीब, किसान, मजदुरको तागत लिन मात्र आएका हुन् र जब उनीहरुले वल प्राप्त गर्दछन्, आफ्नो सहयोगीलाई कुर्सीबाट निकाल्छन् र आफ्नो वर्ग उकाल्छन् । यो राजनैतिक मनोरञ्जन मात्र हो ।

रायमाझीदेखि प्रचण्डसम्म आउँदा हो कि क्यो हो ? भन्ने पनि परेको छ । त्यसैले त एउटा भनाई प्रचलित छ- जब मानिस मन, वचन र कर्मले एक ठाँउमा उभिंदैन, तबसम्म सर्वहारा जनसमुदायले उसलाई हृदयदेखि आफ्नो मान्दैन । मानिस यहि बिग्रने खतरालाई देखेर त महान माओले भन्नुभएको थियो- ‘मानिसले जीवनमा एक दुई वटा राम्रो काम गर्नु कुनै ठुलो कुरा होइन, ठुलो कुरा त जिन्दगीभरि राम्रो काम गर्नु हो’ भनेर । मानिस आत्म प्रशंसाको भोको हुन्छ । त्यसकारण व्यक्ति पुजाको सिद्धान्तको विरोध गर्नु पर्दछ । महान् मार्क्सले त्यहि भएर त भन्नुभयो- ‘कसैको प्रशंसामा समय खेर नफाल, बरु उसको गुण अपनाउने गर’ भनेर । सर्वहारा वर्गले सर्वहारा वर्गकै नेता पाउनु सुनमा सुगन्ध हो । वास्तविक दुनियाँमा त सर्वहाराले दिनभर काम नगर्ने हो भने बेलुका उसको मुखमा माड नै लाग्दैन । त्यसकारण त हामीले वर्ग र वर्गदृष्टिकोण भनेको ठीक वर्गदृष्टिकोण अपनाएर सर्वहारा जीवनशैली अपनाउने, सरल जीवन उच्च विचार बाच्ने, सच्चा कम्युनिष्ट नेतालाई सर्वहारा वर्गले कहिले अस्विकार गरेको छ र ? आफैले वर्ग नओराल्ने हो भने ‘तेरो लागी म काम गर्न आएको हुँ भन्दा त ‘इस’ भनेर लोप्पा ख्याएकै त छ ! त्यसैले कम्युनिष्ट पार्टीको विधानमै लेखिएको हुन्छ - आचरणको रुपमा वर्ग नउकाल्नु भनेर । जसले वर्ग उकाल्छ, उसले कम्युनिष्ट नेता हुने अवसर पनि गुमाउँछ । इतिहासमा शासक जातीको एउटा विद्रोही तप्का विद्रोहीसंग नमिलिकन इतिहासको रंगमंचबाट कहाँ तल ओर्लिएको छ र ? २००७ सालको राजनैतिक घटनामा पनि त राणाभित्रको विद्रोही तप्का ‘सी’ वर्गका राणाहरुले विद्रोह गरेको कांग्रेसको साथ नदिएको भएर सुवर्ण सम्शेरले हतियार किन्न पैसा नदिएको भए त्यहि सजिलै राणा शासन उल्टिने थियो र ? त्यसकारण धैर्यतापूर्वक पर्खने, जाँच्ने, वर्गदृष्टिकोणले कसी लगाउने र आफ्नो वर्गको हितमा हुनेलाई आफ्नो वर्गको हितैसी, मित्र र नेता मान्ने नहुनेलाई तिरस्कार गर्ने सबै वर्गले गर्छन् । त्यसो गर्न कसैले सिकाइरहनु पर्दैन, जंगलको काँडा तिखार्न नपरे झै । त्यहि भएर त सर्वहारा वर्गमै पैदा नभए पनि मार्क्स-एगेल्स, लेनिन, स्टालिन र माओलाई सर्वहारा वर्गले आफ्नो गुरु र नेता मानेको ।

विश्व परिस्थिति बदलिंदै छ । घोचा धारा हटाउने, उदारवादी अर्थतन्त्र अपनाउने, जिएटीटी, विश्व व्यापार संगठन संसार एउटा देश हो, आफ्ना माल सामान विश्वभर विनारोकटोक बेच्न पाउने, भन्सार कर नलाग्ने, तुलनात्माक लाभका वस्तु उत्पादन गरेर एक आपसमा आयत-निर्यात गर्ने जस्ता साम्राज्यवादी अर्थव्यवस्था ध्वस्त हुँदैछ । आफ्नो देशको सामान बेचेर विश्व लुटेर आएको मुनाफाको एउटा आफ्नो देशको मजदुरहरुलाई अभिजात वर्गमा रुपान्तरण गरेर आफ्नो देशको विद्रोह र क्रान्ति रोक्ने सपना देख्ने अमेरिकाका ट्रम्प राष्ट्रपतिमा आउनासाथ मेक्सीको, चीनका सामानमा कर लगाउने मेक्सीकोमा पर्खाल लगाउने र संरक्षित अर्थ व्यवस्तातिर फर्कदैछ । हामी आफै सम्पन्न गरिबी बन्न सकिदैन भनेर व्रिटेन युरोपियन युनियनबाट अलग भइरहेको छ, जनमत संग्रह मार्फत् । फ्रान्स, जर्मनमा राष्ट्रवादी भनिनेहरुको पल्ला भारि हुँदैछ । अन्तर्राष्ट्रिय राजनैतिक विश्लेषकहरु ‘अब संसार विश्वयुद्धतिर जाँदैछ’ भनेर आंकलन गर्न थालेका छन् । साम्राज्यवाद पूँजीवादको अन्तिम अवस्था हो भनेर लेनिनले भनेको कुरातिर देखिने गरी महाशक्ति पुँजीवादी साम्राज्यवादी देशहरु जाँदैछन् । आफ्नो लुटको स्वर्ग कायम राख्न, हतियार दलाल मार्फत् आफ्नो दलाल सरकार बनाईराख्न र बजार कब्जा गर्न साम्राज्यवादीहरुलाई नढाली सुखै छैन । आफुलाई लुट्न नदिन स्वाधीनता चाहिनेहरुले पनि नलडि बिजय प्राप्त गर्न सक्दैनन् । महान् माओले भनेका ती दिनहरु आगामी ५०-१०० वर्ष उथुल पुथुल वर्ष हुनेछन् । कि तेस्रो विश्व युद्धले क्रान्ति जन्माउने छ कि क्रान्तिले तेस्रो विश्वयुद्धलाई राक्ने छ भन्ने कुरा दृष्टि क्षितिजमा गोचर हुँदै गइरहेको छ । ‘निभ्ने बेलाको बत्ति’जस्तो धप्पक्क बलेको पुँजीवाद र साम्राज्यवादलाई देखेर हामी आत्तिन हुँदैन । रणनीतिक हिसाबले साम्राज्यवाद कागजी बाघ हो । यदि हामीले नीतिमा गल्ती नगर्ने हो भने हाम्रो जित सुनिश्चित छ । यदि लेनिनले भनेको मानेको भए साम्राज्यवाद युद्धमा कुद्छन्, हामीले आ-आफ्नो देशमा गृहयुद्धमार्फत् प्रतिक्रियावादी सत्ता उल्टाइदिनु पर्छ भन्ने कुरा मानेको भए सम्पूर्ण युरोपमा दोस्रो विश्वमै क्रान्ति हुन्थ्यो ।

त्यसकारण हामीले हाम्रो सम्पूर्ण स्पष्ट विश्व दृष्टिकोण अपनाउँदै कम्युनिष्टहरुको अन्तर्राष्ट्रिय संगठनको निर्माणमा समेत ध्यान दिंदै आ-आफ्नो देशमा क्रान्तिको तयारी गरौं । ‘संघर्ष गर्न संगठन चाहिन्छ, संघर्ष नगरी बलियो संगठन बन्दैन’ भन्ने द्वन्द्ववादी मान्यतालाई दह्रोसँग आत्मसात गर्दै अगाडि बढौं ! साम्राज्यवाद हाल हाम्रो सन्र्दभमा भारतीय विस्तारवादविरोधी जनमत नेपालमा जब्बर छ । हाम्रा हिजोका कतिपय मित्र भनिनेहरु कम्युनिष्ट त परै जाओस्, देशभक्त पनि भन्न नपाउने ठाउँमा पुग्दैछन् र लम्पसारवादी पगरीबाट विभुषित भइरहेका छन् । एउटै बाटोमा हिडेका मित्रहरुलाई हामीले त्यसो भन्नु पर्दा दुःख अवस्य लागेको छ । जतिसुकै माया लागे पनि बावु मरेपछि चीतामा रुदै भने पनि जलाउन बाध्य भएझै त्यो गलत प्रवृत्तिलाई जलाउँदै अगाडि बढ्नुको विकल्प छैन । राष्ट्रियता, जनतन्त्र, जनजीविकाको पक्षमा दह्रोसँग उभिदै अगाडि बढौं ! हालैको दिनमा कम्युनिष्ट न्युल्कियससँगको एकता, विभिन्न समुहमा छरिएर रहेका क्रान्तिकारी मालेमावादीहरुको नेकपा (क्रान्तिकारी माओवादी)मा ध्रुवीकरणको प्रक्रियाले उज्जल भविष्यको संकेत गरिरहेको छ । माओवादी आन्दोलन टुट-फुट र छिन्न भिन्नताबाट फेरि सही विचार, दर्शन, सिद्धान्त र राजनीतिको आधारमा ध्रुवीकृत र एकीकृत हुँदै अगाडि बढ्न बाध्य छ । सिद्धान्तहिन ‘एकताभन्दा फुट कयौं गुणा क्रूर हुन्छ’ भन्ने महान् लेनिनको भनाइलाई आत्मसात गर्दै । आफ्नो वर्ग र वर्गीय मुक्तिको लागि सही वर्ग दृष्टिकोण आपनाउँदै, सम्पूर्ण उत्पीडितहरुको साथमा अगाडि बढौं ! यहि नै आजको आवश्यकता हो ।

# जनयुद्धका एजेण्डा बोकेर हिड्ने पार्टी क्रान्तिकारी माओवादी मात्र हो



– सीपी गजुरेल 'गौरव'
अध्यक्ष, देजमो, नेपाल

*हामी पुगेको ठाउँमा जनता स्वस्फूर्त रुपमा संगठित भएका छन् । संगठन निर्माणका लागि कुनै कठिनाई छैन ।  मानिसहरु अत्यन्तै निराश थिए । अब निराशाबाट मात्रै त्यसको समाधान भएन । त्यसकारण मानिसहरु केही गर्नुपर्छ भन्नेमा लागे । अब केही गर्न चाँहि कहाँबाट गर्ने भन्ने कुरा त बुझ्नु पर्‍यो । त्यसकारण अहिले हाम्रो पार्टीका विषयमा तल जनतामा राम्रो र सकारात्मक धाराणा पाइएको छ ।*

***देशभक्त जनगणतान्त्रिक मोर्चाको केन्द्रीय समितिको बैठक भर्खरै सम्पन्न भएको छ, यसले गरेका महत्वपूर्ण निर्णयहरु के के हुन् ?***

यो बैठकले संगठनात्मक अभियान सञ्चालन गर्ने र शक्ति सञ्चय गर्ने, क्रान्तिकारी शक्तिको आत्मगत अवस्थालाई बलियो पार्ने र मोर्चालाई नेपाली राजनीतिको वैकल्पिक शक्तिको रुपमा स्थापित गराउन राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरुलाई लिएर संघर्षका कार्यक्रममा जोड गर्ने लगायतका विषयमा महत्वपूर्ण निर्णय लिएको छ ।

***शक्ति सञ्चयको कुरा गर्नुभयो, शक्ति सञ्चयका आधारहरु के के हुन् ?***

पहिलो आधार भनेको विगतमा नेपाली जनताले जुन क्रान्ति गरे, जुन मागका लागि उनीहरु संघर्ष गरे, लडे त्यो संघर्षको नेतृत्व गरिरहेको पार्टीका केही नेताहरुले त्यसप्रति विश्वासघात गरे । तर ती एजेण्डाहरु अहिले पनि यथावत छन् । जुन कुराका लागि लडे त्यो चाँही माग पूरा भएको छैन । त्यो एजेण्डा बोकेर हिँड्ने नेपालमा अर्को पार्टी छैन । क्रान्तिकारी माओवादी र देशभक्त जनगणतान्त्रिक मोर्चा हो । यो कुरा जनताको बीचमा करिब करिब स्थापित भइसकेको छ । मुख्य आधार भनेको ति समस्याहरु समाधान भइसकेका छैनन् । हामीले जनतामा फेरि ति मागहरुलाई स्थापित गर्नका लागि फेरि क्रान्ति सम्भव छ, ति मागहरु पूरा गराउन सकिन्छ भनेर जनतामा गएका छौं । जनतामा जनयुद्धका एजेण्डा बोकेर हिड्ने पार्टी क्रान्तिकारी माओवादी मात्र हो भन्ने स्थापित भएर गएको छ । मानिसहरु निराश भएका छन्, तर निराश भएपनि समस्या त यथावत छ । निराश भएर बसिदिएर समस्याको समाधान त हुन्न । यसका लागि जनता अघि बढ्नु अवश्य पर्छ । यो नै हाम्रो पार्टीको शक्ति संचयको प्रमुख आधार हो ।

***पार्टीसँगै मोर्चा पनि यो एक महिना जनताको बीचमा छ । आम जनतामा यो एक महिनाको अवधिमा देजमोप्रति जनताको धाराणा कस्तो पाउनु भएको छ ?***

यो अभियानसँगै प्रत्यक्षरुपले म जनताको बीचमा छु । हामी पुगेको ठाउँमा जनता स्वस्फूर्त रुपमा संगठित भएका छन् । संगठन निर्माणका लागि कुनै कठिनाई छैन ।  मानिसहरु अत्यन्तै निराश थिए । अब निराशाबाट मात्रै त्यसको समाधान भएन । त्यसकारण मानिसहरु केही गर्नुपर्छ भन्नेमा लागे । अब केही गर्न चाँहि कहाँबाट गर्ने भन्ने कुरा त बुझ्नु पर्‍यो । त्यसकारण अहिले हाम्रो पार्टीका विषयमा तल जनतामा राम्रो र सकारात्मक धाराणा पाइएको छ । हाम्रा साथीहरुले जनताकोमा गएर संगठन बनाउँदा मानिसहरुले अस्वीकार गर्दैनन्, अहिले भएको यो एउटा नयाँ अनुभूति पनि हो । मानिसहरु सकारात्मक बन्दै गएका छन् । हाम्रो पार्टीप्रति जनताको समर्थन बढ्दै गएको छ ।

***आम जनताले जुन वैकल्पिक शक्तिको अभाव महसुस गरेका छन् । त्यो वैकल्पिक शक्तिको राष्ट्रिय रुपमा हैसियत देखाउन सकिन्छ भन्ने कुरामा विश्वस्त हुनुहुन्छ ?***

हाम्रो तीन महिने अभियान छ । यसको १ महिना पनि पूरा भएको छैन । यो अवधिलाई हेर्दा अझै रफ्तार बढ्दा ठूलै तागत आईहाल्ला भन्ने ग्यारेन्टी त म गर्दिनँ । परिस्थिति त्यस्तो आउन पनि सक्छ, नआउन पनि सक्छ । तर हाम्रो पार्टी यो भन्दा सदृढ र क्रान्तिको नेतृत्व गर्नलाई जनताले भरपर्दो शक्तिको रुपमा लिने अवस्थमा हामी अवश्य पुग्छौं ।

***जनताका विषयलाई लिएर संघर्ष गर्ने सन्दर्भमा विप्लव माओवादीसहितका केही पार्टीले क्रान्ति गर्ने पार्टी हौं भन्ने देखाउन खोजिरहेका छन्, त्यसको प्रभाव चाँहि कस्तो छ ?***

त्यसको प्रभाव आम जनतामा त्यति परेको छैन । क्रान्तिप्रति विश्वास गर्ने परिपक्व मान्छेले विप्लव नेतृत्वको पार्टीले गर्छ भन्ने कुरा पत्याएका छैनन् । ठोक्नुपर्छ, हान्नु पर्छ भनेर मात्रै क्रान्ति हुँदैन र विप्लवको पार्टीलाई जनताले स्वीकार नै गरेका छैनन् भन्ने लाग्छ । त्यसकारण केही मानिसले जनतालाई क्रान्ति गरिन्छ भनेर भ्रम पारेको मात्रै देखिन्छ । वास्तविकतामा गरेको पनि देखिदैन, धेरैलाई भ्रम के छ भने यो चाँहि उग्र वामपन्थी विचार राख्ने संगठन हो, जस्तो पनि लाग्छ । तर त्यस्तो होइन । बाहिर उग्रवामपन्थी कुरा गरे पनि उसले भित्रबाट दक्षिणपन्थी धारलाई नै समाएको छ । केही युवाहरु सक्रियतापूर्वक लागेको पनि देखिन्छ । तर त्यो बिना विचार, विना योजना कति दिन लाग्ने, त्यसकारण उनीहरुले नेपालको राजनीतिक क्रान्तिको नेतृत्व गर्न सक्दैनन् ।

***पछिल्लो समय क्रान्तिकारी माओवादीप्रति जनताको आशा बढेर गएको देखिन्छ । पार्टीमा एकीकरण र ध्रुवीकरण पनि बढेको छ । अन्य पार्टीमा रहेका क्रान्तिकारीहरुलाई के आव्हान गर्नुहुन्छ ?***

यसबीचमा एकता र ध्रुवीकरणको प्रक्रिया चलिरहेको छ । यो सकारात्मक कुरा हो । सहि विचार र सही राजनीतिक लाईन लिनेहरु एकताबद्ध हुनुपर्छ । अझै पनि एउटा ठूलो ध्रुवीकरणको सम्भावना छ । माके र विप्लव समूहमा रहेका क्रान्किारीहरु क्रान्ति गर्नका लागि हामीसँग आउँछन् भने त्यहाँ हामी संकीर्ण हुँदैनौं । यो वीचमा ती पार्टीका तल्ला कमिटिमा रहेका क्रान्तिकारीहरु फर्किएर हाम्रो पार्टीमा आएका छन् । र, हामीले उनीहरुलाई उचित जिम्मेवारी दिएर काममा लगाएका छौं । पछिल्लो चरणमा देखा परेको यो सकारात्मक प्रवृत्ति हो । यसले क्रान्तिकारी पार्टीलाई नै बलियो बनाउने काम गर्छ ।

***तर विप्लव माओवादीका नेताहरुले त सार्वजनिक रुपमा नै पार्टी एकतामा जोड गर्दै आएको सुनिन्छ नि ?***

विप्लवजीसँग हाम्रो अध्यक्षसँग केही कुराकानी भएको छ । कोही कुराकानी गर्न आउँछ भने ढोका नै बन्द गर्ने कुरा भएन । तर हाम्रो तर्फबाट स्पष्ट रुपमा तपाईहरुसँग तत्काल पार्टी एकता सम्भव छैन भन्ने कुरा राखेका छौं । अहिलेकै विद्यमान वैचारिक राजनीतिक लाईनको आधारमा पार्टी एकता सम्भव छैन ।  त्यति हुँदाहुँदै पनि जुन तरिकाले पार्टी एकता हुँदैछ भनेर प्रचार भएको छ, त्यो गलत प्रचार हो । त्यसरी प्रचार गर्नुहुँदैन थियो । उनीहरुसँग कार्यगत एकता भएपनि पार्टी एकता हाम्रो एजेन्डामा छैन ।

***राष्ट्रियता, जनतन्त्र जनजीविकाका सवालमा तीन वाम घटक बीच एक महिना कार्यगत एकता गर्नुभयो, अब त्यसको सम्भावना कस्तो छ ?***

यो एक महिने अनुभवले हामीलाई के देखाएको छ भने जुन प्रकारका कार्यक्रम गरियो, ती प्रभावकारी नै भए । जनतामा उत्साह त पैदा गरायो । तर कार्यगत एकता गर्ने अन्य शक्तिहरुको जुन भूमिका रह्यो, त्यो चाँहि त्यति सकारात्मक हामीले देखेनौं । हाम्रो पार्टीलाई कमजोर बनाउने, हाम्रो पार्टीको भूमिकालाई कमजोर बनाउने किसिमका क्रियाकलाप पनि गरेको हामीले पायौं । कार्यगत एकताको दौरानमा त्यस्तो गरिनु हुन्न । एक महिनाको अनुभवले तत्कालै कार्यगत एकता गरिहाल्नुपर्छ भन्ने उत्साह हामीमा पैदा हुन सकेन ।

***राष्ट्रियता, जनतन्त्र र जनजिविकाका मुद्दाहरु असाध्यै जटिल र संकटपूर्ण अवस्थामा जनताको अपेक्षाअनुरुप देजमो खरो रुपमा उत्रिन नसकेको भन्ने गुनासो छ, के भन्नुहुन्छ ?***

ठीकै कुरा हो, जनताको अपेक्षा अनुरुप खरो रुपमा उत्रिन सकेनौं । जनताको अपेक्षा हुनु आफैमा एउटा राम्रो कुरा हो । तर के हुन्छ भने चाहना राख्ने एउटा पक्ष हो, व्यवहारिक रुपमा त्यसलाई पूर्ति गर्ने आत्मगत शक्ति त एकैपटक मजबुत भइहाल्दैन । त्यसका लागि समय चाहिन्छ । कैयौं उदारचढावका बीचबाट जानुपर्छ । आम जनताले यसलाई त्यति धेरै बुझेका हुँदैनन् । उनीहरुमा गरिहालोस्, भैहालोस भन्ने हुन्छ । यस्तो परिस्थितिमा किन ढिलो गर्ने भन्ने हुनाले जनताको अपेक्षा बढी हुन्छ । तर, जसले त्यो काम गर्नुछ, त्यही संगठनका लागि चाँहि थुप्रै जटिलता हुने भएकाले त्यसलाई पूरा गाह्रो हुने अन्तरविरोध हुन्छ । क्रान्तिकारी शक्तिसँग जनताले धेरै अपेक्षा गर्नु र त्यो शक्तिले त्यसलाई पूरा गर्न नसक्ने अवस्था प्रायः हुन्छ ।

*एकता र ध्रुवीकरणको प्रक्रिया चलिरहेको छ । यो सकारात्मक कुरा हो । सहि विचार र सही राजनीतिक लाईन लिनेहरु एकताबद्ध हुनुपर्छ । अझै पनि एउटा ठूलो ध्रुवीकरणको सम्भावना छ ।*

***अहिले संसदवादीको विकल्प संसदवादी जस्तो देखिन खोजिरहेको छ । राष्ट्रियताको विषयमा पनि संसदवादी नै सडकमा आउने जुन अवस्था पैदा भएको छ, त्यसलाई चिरेर जाने तपाईहरुले केही कार्यक्रम ल्याउनु भएको छ ?***

हामीले ल्याएका छौं । सत्तामा बसिसकेका शक्ति भएकाले त्यहीभित्रका सबैलाई परिचालन गर्न उनीहरुलाई अनुकलता छ । त्यहीका एउटा शक्ति एकातिर र अर्को अर्कातिर छ । हामीलाई त्यो अनुकलता छैन । त्यसकारण आम क्रान्तिकारी शक्ति नै जुर्मुराएर उठ्नुपर्छ । सत्तासँग नजिक भएकालाई जस्तो न मिडियाले हामीलाई साथ दिन्छ, न कर्मचारीले हामीलाई साथ दिन्छन्, जबकि उनीहरुले पूरै साथ पाइरहेका हुन्छन् । सानो काम गरेपनि उनीहरुको धेरै ठूलो प्रचार हुने, हामीले ठूलै काम गरेपनि प्रचार नहुने अवस्था छ । किनभने यो जुन मिडिया छ, त्यो पनि प्रायोजित छ । क्रान्तिकारी शक्तिसँग धेरै चुनौती र कठिनाई छ । यसका बिचबाट क्रान्तिकारी शक्तिले अघि बढ्नुपर्छ । जो चाँहि सत्तामा नै छ, भोलि पनि जान सक्छ, त्यस्ता शक्तिलाई अनुकुलता हुन्छ । त्यसैले अनुकुलताजस्तो देखिएको छ ।

***देजमोले अबको चुनाबमा भाग लिने कुरा पनि चर्चामा छ, बैठकमा भाग लिने/नलिनेबारे के कुरा भयो ?***

भाग लिने नलिने विषयमा छलफल भएको छैन । अहिले आवश्यक पनि छैन । पहिलो कुरा चुनाव हुने नहुने टुंगो लागेको छैन । दोस्रो कुरा यो जुन प्रतिगामी संविधान हो, यसलाई जसरी पनि कार्यान्वयन गर्नका लागि मात्रै चुनावको कुरा गरिएको छ । त्यसकारणले हामीले अहिले एजेण्डा बनाएर छलफल गरेनौं । अर्को कुरा प्रतिक्रियावादी व्यवस्थाको निर्वाचनलाई उपयोग गर्ने कि नगर्ने भन्ने कुरा कार्यनीतिक प्रश्न हो । उपयोग गर्दा फाइदा हुने भए उपयोग गर्छौं, नभए भाग लिदैनौं, अहिले यसै हो भनेर निर्णय भइसकेको छैन ।

***अब यो मोर्चा वैधानिक संघर्षका लागि बनेको हो । यसको दर्ताको विषय पनि उठेको छ । अहिलेसम्म मोर्चा दर्ता नगर्नुको कारण चाँहि के हो ?***

यहाँ अनौठो के छ भने निर्वाचन आयोगले दर्ता गर्दछ । यहाँ दर्ता भएपछि सामान्यतया निर्वाचनमा जान दर्ता भएको भन्ने अर्थ लाग्छ । जबकी हाम्रो निर्वाचनमा जाने/नजाने निश्चित भइसकेको छैन । बहिस्कार पनि गर्न सकिन्छ । त्यसकारण वैधानिक संगठनलाई पहिले पनि दर्ता गर्न सकिन्थ्यो । तर निर्वाचन प्रायोजनकै लागि दर्ता भएको भनिने हुनाले हामी त्यो म्यासेज दिन चाँहदैनौं ।

***अहिले पछिल्लो राष्ट्रिय राजनीतिक परिस्थितिलाई चाँहि पार्टी र मोर्चाले कसरी हेरेको छ ?***


यो प्रतिक्रियावादी व्यवस्था, राज्य र शक्तिहरु संकटमा छन् । यो क्रान्तिका लागि राम्रो कुरा हो । यो नभई क्रान्ति पनि हुँदैन । उनीहरुको अन्तरविरोध हल नहुनु पनि क्रान्तिकारीलाई अघि बढाउन क्रान्तिकारीलाई सहज पर्छ । अर्को यसको चाँही मुल्यांकन गर्दा हामी के पाउँछौं भने क्रान्तिकारी शक्तिको आत्मगत अवस्था बलियो हुने हो भने क्रान्तिलाई पूरा गर्न सम्भव छ । तर क्रान्तिकारीहरुको आत्मगत अवस्था पनि कमजोर नै छ । त्यो अन्तरविरोधको हल गर्नुपर्छ ।

***अमेरिकामा ट्रम्पले सत्ता सम्हालेपछि उनका गतिविधिले जुन प्रकारको विश्व राजनीतिमा शक्ति सन्तुलनमा परिवर्तन ल्याएको छ, यसले कतातिर संकेत गरेको छ ?***

अब डोनाल्ड ट्रम्पले जुन नीति अघि सारेका छन्, यो खुला हस्तक्षेपकारी नीति र पश्चगामी सोच अनुसारको नीति हो । यसले साम्राज्यवादीको क्याम्पमा अर्न्तविरोध बढेको छ । किनभने यसले साम्राज्यवादी विश्वव्यवस्था नै धरापमा पर्छ । त्यसकारण यसले अर्न्तविरोधहरु बढेका छन् । तेस्रो विश्वयुद्ध हुन्छ भन्न पनि थालिएको छ । नवउदारवादी स्थायी व्यवस्था हो भन्नेहरु नै यसमा संकट आएको रुपमा लिन थालेको छ । यसले उनीहरुबीचको यो फुट पनि क्रान्तिकालाई अनुकुल अवस्था नै हो ।

***भारतमा पनि माओवादी आन्दोलन चलिरहेको छ । नेपालमा पनि त्यसलाई जोड्ने गरी क्रान्तिकारी माओवादीले केही सोचेको छ कि छैन ।***

हामीले सोचेका छौं । पहिले हामीले रिममा सक्रिय थियौं । ती सम्बन्धहरु यथावत कायम छन्, राज्यको दमन, हस्तक्षेपलगायत अन्य कतिपय व्यवहारिक कारणले त्यसलाई मूर्तरुप दिन कठिनाई भएको छ ।



– हस्तबहादुर के.सी.

# जनयुद्धका उपलब्धिको संरक्षणका वर्गसंघर्षको अपरिहार्यता

"वर्तमान स्थितिलाई फेर्नका लागि मात्र होइन, आफूलाई फेर्न र राजनीतिक सत्ताको भार बहन गर्न सक्ने आफूलाई बनाउनका निम्ति पनि तपाइहरुले पन्ध्र, बीस र पचास वर्षको गृहयुद्ध र अन्तर्राष्ट्रिय द्वन्द्वहरुबाट गुज्रनु पर्नेछ।" - कार्ल मार्क्स, मार्क्स/एंगेल्स चुनिएका रचनाहरु भाग ८, पृष्ठ ५०८

वैज्ञानिक साम्यवादका प्रवर्तक कार्लमार्क्स र फ्रेडरिक एंगेल्सले सर्वहारावर्गले आफ्नो हातमा राज्यसत्ता प्राप्त गर्न लामो गृहयुद्ध या अन्तराष्ट्रिय युद्धको आवश्यकतामाथि जोड दिनु भएको छ। महान गुरुहरुका यी भनाइसँग नजिक रहेर नेपाली कम्युनिष्ट आन्दोलन दशकौं लामो दक्षिणपन्थी संशोधनवादको भासमा फसिरहेको थियो। संसदवाद, सुधारवाद, सारसङ्ग्रहवादलगायत सबैखाले अवसरवादबाट कम्युनिस्ट आन्दोलन 'अजियासको तबेला'को फोहरले पूरै काम नलाग्ने भइसकेको थियो। यस्तो बेला कम्युनिष्ट आन्दोलनमा 'अजियासको तवेला' सफा गर्न 'क्रान्तिकारी हर्कुलस'को आवश्यकता थियो। नेकपा (माओवादी)ले २०५२ फागुन १ गते महान् जनयुद्धको थालनी गरेको थियो। जसको स्पष्ट लक्ष्य थियो- विद्यमान पुरानो प्रतिक्रियावादी राज्यसत्ताको समूल अन्त्य गरेर नयाँ जनवादी राज्यसत्ता स्थापना गर्नु।' अझ उसले राज्यसत्ताको चरित्रबारे व्याख्या गर्दै भनेको थियो- 'राज्यसत्ताबाहेक अरु सबै भ्रम हो' र 'राज्यसत्ता बन्दुकको नालबाट जन्मन्छ।' यही माओवादी प्रस्थापनालाई दह्रोगरी आत्मसात् गरेर सञ्चालन गरिएको जनयुद्धले सामन्तवादी, साम्राज्यवादी लुटेराहरुको स्वर्गमाथि धावा बोल्यो। कम्युनिष्ट आन्दोलनमा हावी रहेको संशोधनवादी र सुधारवादी चक्रव्युहलाई तोडेर साँच्चिकै संसारलाई चकित तुल्यायो। माओवादीको यस अभियानले संसारका भोका नाङ्गा जनताको अनुहारमा खुसी र उत्साह ल्याइदियो र जनयुद्ध वास्तवमा जनताको न्यायपूर्ण युद्ध बन्न पुग्यो।

महान् जनयुद्ध नेपाली समाजको आमूल परिवर्तन गर्ने युगान्तकारी अभियान थियो। राज्यसत्ता भन्नाले पुरानो सेना, प्रहरी, अदालत, कर्मचारीतन्त्रलगायत सबै संयन्त्रमा आमूल रुपान्तरण गर्ने अभियान पनि थियो जनयुद्ध। जुन दसवर्षको जनयुद्धले पुरानो सत्ताको स्थानीय संरचनालाई सम्पूर्ण रुपले गाउँबाट निस्तेज पार्‍यो। जनयुद्धकै बलमा माओवादीले पुरानो स्थानीय सत्ता आफ्नो हातमा लिँदै केन्द्रीय सत्ता स्थापनाको निम्ति समानान्तर सरकार निर्माण गरेर देखाइदियो। जनयुद्धले साम्राज्यवादी, विस्तारवादी शासकहरुलाई चोटिलो प्रहार मात्र दिएन, त्यसले विश्वभरका भाइचारा र श्रमजीविहरुलाई क्रान्तिकारी उत्साह र आशा प्रदान गर्‍यो। छोटो समयमै जनयुद्धले हासिल गरेको गुणात्मक छलाङ्गले नेपाल विश्वक्रान्तिको आधारकिल्ला बन्न पुग्यो र 'नयाँ विश्व सम्भव छ' भन्ने विश्वास पैदा गरेको थियो संसारभरि त्यसले। त्यही महान् जनयुद्धमा दसहजार बढी सहिद भए। ती सहिद हाम्रा आदर्श हुन्, हाम्रा धरोहर र मार्गदर्शक हुन्, जसले हामीलाई क्रान्तिको बाटोमा अघि बढ्न प्रेरित गरिरहन्छ। सहिद हाम्रा क्रान्तिका मुक्तिदाता हुन्, जसले यत्रो परिवर्तन ल्याइदियो, अझ ठूलो परिवर्तन आवश्यक छ मुलुकमा।

आज महान् जनयुद्धले २१ वर्ष पुरा गरेर २२ वर्षमा प्रवेश गरेको छ। आजको परिस्थिति भिन्न हुन पुगेको, महान दशवर्षे जनयुद्ध गरेर आएको नेतृत्वको मुख्य शक्ति वैचारिक विचलनमा मात्र परेन, तत्कालिन अवस्थामा दशवर्षे जनयुद्धको मुख्य नेतृत्व गरेका प्रचण्डको प्रतिक्रियावादी सत्ताको मुख्य नेतृत्व गर्न पुगेको छ भने दोस्रो नेतृत्व गरेका बाबुराम भट्टराईको समुहले त मार्क्सवाद-लेनिनवाद-माओवादलाई समेत परित्याग गरि बुर्जुवा संसदीवादी लाइनमा चुर्लुम्म डुब्न पुगेको छ।

अर्कोतिर तत्कालिन एकीकृत नेकपा (माओवादी) एक नवसंशोधनवादी हिस्सासित सम्बन्ध विच्छेद गरि २०६९ असार २-५ मा बौद्ध भेलाद्वारा पुनगठित गरिएको नेपाल कम्युनिष्ट पार्टी-माओवादी दुई दुई पटकसम्म फूट र विभाजनको सामना गर्दै र अन्य क्रान्तिकारी कम्युनिष्टहरुलाई समेत एकीकृत गर्दै नेकपा (क्रान्तिकारी माओवादी)मा पुनः पुनगठित भएर महान दशवर्षे जनयुद्ध मार्फत् सम्पन्न गरिने भनेर सशस्त्र जनयुद्ध थालिएकोमा माथि उल्लेख गरेको पार्टीको नेतृत्वले धोका दिएर क्रान्तिलाई बीच बाटोमै भण्डा फ्याकेर प्रतिक्रियावादी कित्तामा सामेल हुन पुगेपछि क्रान्तिका बाँकी कार्यमा (पुरा गर्ने महान उद्देश्य तथा कठिन कार्यका साथ सशस्त्र जनविद्रोहको माध्यमबाट नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने प्रतिबद्धता र कठिबद्धताका साथ अगाडि बढिरहेको अवस्था छ। अर्कोतिर यसबाटै फुटेर संगठित हुन पुगेको विप्लवले नेतृत्व गरेको नेकपा (माओवादी)ले पनि 'एकीकृत जनक्रान्ति'मार्फत् नयाँ जनवादी क्रान्ति सम्पन्न गरिनेछ भन्दै आठौं राष्ट्रिय महाधिवेशनमा होमिएको छ। उक्त महाधिवेशनले के निर्णय गर्दछ, त्यसलाई पर्खने पर्ने हुन्छ।

जे होस् मोहन वैद्यले नेतृत्व गरेको नेकपा (क्रान्तिकारी माओवादी) र नेत्रविक्रम चन्द 'विप्लव'ले नेतृत्व गरेको नेकपा (माओवादी)ले भने महान नेपाली नयाँ जनवादी क्रान्ति पुरा गरि छाड्ने प्रतिबद्धताबाट पछि हटेका छैनन्।

दशवर्षे जनयुद्धको नेतृत्व गरेको मुख्य शक्तिले गद्दारी गरेर क्रान्तिलाई समेत धोका दिएकाले अहिले नेतृत्वप्रति गंभीर प्रकारको आशंका पैदा भइरहेको अवस्था छ। तर पनि वर्तमान माओवादी आन्दोलनको क्रान्तिकारी धाराको नेतृत्व गरिरहेका क्रान्तिकारी नेतृत्वले आम कार्यकर्ता र जनतालाई क्रान्ति सम्पन्न गर्ने विश्वास दिलाउन जीवन मरणको संघर्ष गर्न र व्यवहारमा पुष्टि गर्न गर्ने बाहेक अर्को विकल्प छैन र त्यो प्रयास पनि व्यवहार त भइनैरहेको छ।

महान दशवर्षे जनयुद्ध थालनी गर्न किन आवश्यक थियो ? त्यस युद्धलाई पुरा गर्ने तत्कालिन नेकपा (माओवादी) ले के कस्ता प्रतिबद्धताहरु गरेको थियो त ? भन्ने बारेमा यो छोटो सबै कुरा उल्लेख गर्न सम्भव छैन। यहाँ छोटकरीमा चर्चा गर्ने प्रयास गरिएको छ।

**किन आवश्यक थियो जनयुद्ध ?**

नेपाली कम्युनिष्ट आन्दोलनमा त्यही 'अजियासको तवेला' सफा गर्न तत्कालिन नेकपा (माओवादी)ले क्रान्तिकारी हर्कुलसको भूमिका पूरा गर्न महान् जनयुद्धको तयारीमा जाने प्रतिबद्धता व्यक्त गर्‍यो, जुन २०५१ फागुनतिर माओवादीको पहिलो राष्ट्रिय सम्मेलनले जनयुद्धमा जाने निर्णय गर्‍यो। त्यसपछि ०५२ असारमा बसेको माओवादी केन्द्रीय समितिल बैठकले महान् जनयुद्धका लागि 'चार आधार र चार तयारी' जस्ता काममा लाग्न पार्टी पङ्क्तिलाई निर्देशन पनि गर्‍यो। यसैक्रममा माओवादी जनयुद्ध सञ्चालन गर्न किन आवश्यक छ ? यसको लक्ष्य के हुने ? माओवादी किन बन्दुक उठाउँदैछ ? किन जनवादी क्रान्ति आवश्यक छ ? यी लगायत तमाम सवालहरुको जबाफ पनि नेकपा माओवादीले 'जनयुद्धको ऐतिहासिक पहलका लागि सैद्धान्तिक प्रतिबद्धताहरु' नाम दिएर ७ बुँदे प्रतिबद्धताहरु व्यक्त गरेको थियो। त्यसको ८ महिनापछि माओवादीले महान् जनयुद्धको सुरुआत गर्‍यो, जसले सबैखाले संशोधनवादी, प्रतिक्रियावादीहरुको स्वर्गमा ठूलो भुईंचालो ल्याइदियो। अनि क्रान्तिकारी जनता, विश्वका भाइचाराहरुमा आशा र उत्साहको सञ्चार पैदा गर्‍यो।

**जनयुद्ध शुरु गर्दा के थिए माओवादीका सैद्धान्तिक प्रतिबद्धताहरु ?**

जनयुद्धलाई आंशिक सुधार र सम्झौतामा फस्न दिइने छैन भन्ने तत्कालिन नेकपा (माओवादी) को नेतृत्वले निम्न प्रतिबद्धताहरु जाहेर गरेको थियो।

क) हाम्रो योजना क्रान्तिकारी हिंसासम्बन्धी मार्क्सवाद-लेनिनवाद-माओवादका शिक्षामा आधारित हुनेछ। हाम्रो देशको विशिष्टताअनुसार गाउँबाट सहर घेर्ने रणनीतिमा आधारित दीर्घकालीन जनयुद्धका रुपमा अघि बढ्ने यस प्रक्रियाको पहलकदमीको योजना निर्माणका सन्दर्भमा पार्टी एकपटक पुनः माओद्वारा विकास गरिएको सर्वहारावर्गको सार्वभौम र अपराजेय मार्क्सवादी सैन्य सिद्धान्तका रुपमा जनयुद्धको सिद्धान्तप्रति अविचल रहने प्रतिज्ञा गर्दछ।

ख) जनयुद्ध थालनीको हाम्रो यो योजना राज्यसत्ताबाहेक अरु सबै भ्रम हो भन्ने मान्यतामा आधारित हुनेछ। जनताका निम्ति राजनीतिक सत्ता कब्जा गर्नु नै सशस्त्र सङ्घर्षको प्रमुख उद्देश्य हो भन्ने कुरा दृढ रही यस प्रश्नमा देखापर्ने अर्थवाद, सुधारवाद, अराजकतावादलगायतका सबै प्रकारका विचलनवादी चिन्तन र प्रवृत्तिका विरुद्ध निरन्तर सङ्घर्ष गर्न पार्टी आफ्नो प्रतिबद्धता जाहेर गर्दछ।

ग) हाम्रो योजना सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त गरी नयाँ जनवादी क्रान्ति पूरा गर्ने त्यसको लगत्तै समाजवादी क्रान्तिमा अघि बढ्ने तथा सर्वहाराको अधिनायकत्वअन्तर्गत क्रान्ति जारी राख्ने सिद्धान्तका आधारमा सांस्कृतिक क्रान्तिहरु चलाउँदै मानवजातिकै भविष्य साम्यवादको स्थापनासम्म जाने उद्देश्यमा आधारित हुनेछ। एकपटक हतियार उठाएपछि त्यसलाई अन्तसम्म लैजाने दृढताबिना सशस्त्र सङ्घर्षमको थालनी गर्नु सर्वहारावर्ग एवम् आम जनताप्रति अपराध हुने कुरामा हामी दृढ छौं। यो सङ्घर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने, प्रतिक्रियावादीलाई दबाब दिई सामान्य सबै प्रकारका सम्झौतामा टुङ्ग्याउने साधन बन्न कदापि दिइनेछैन। यसरी हाम्रो सशस्त्र सङ्घर्ष सबै प्रकारका निम्न पुँजीवादी, सङ्कीर्ण, राष्ट्रवादी, धार्मिक, साम्प्रदायिक एवम् जातिवादी विभ्रमहरुबाट सम्पूर्ण रुपले मुक्त रहनेछ।

घ) हाम्रो योजना सर्वहारा अन्तर्राष्ट्रवादको महान् भावनामा आधारित रहेनछ। नेपाली क्रान्ति, सर्वहारा विश्वक्रान्तिको अभिन्न अङ्ग हो र यसले विश्वक्रान्तिको सेवा गर्नेछ। हाम्रो पार्टी यस सन्दर्भमा मार्क्सवाद-लेनिनवाद-माओवादको निर्देशनमा विश्वक्रान्ति अघि बढाउन तथा नयाँ अन्तराष्ट्रिय निर्माणको दिशामा अघि बढिरहेको क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन रिम (जसको हाम्रो पार्टी पनि सदस्य छ) को विकासमा अझ बढी सहयोग पुऱ्याउने कुरालाई गम्भीरतापूर्वक लिन्छ।

ङ) हाम्रो योजना नयाँ जनवादी क्रान्तिकालमा सर्वहारावर्गको पार्टीको नेतृत्वमा क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी सेना निर्माणको सैद्धान्तिक मान्यतामा आधारित रहनेछ। अन्तर्विरोधको नियमको सार्वभौमिकताअनुसार पार्टी भित्रै सङ्घर्षलाई द्वन्द्वात्मक ढङ्गले ग्रहण र त्यसलाई सञ्चालन गर्नु पार्टीलाई त्यसरी सजीव राखी हर क्षेत्रमा त्यसको नेतृत्व स्थापित गर्नु पूरा हृदयले जनताको सेवा गर्ने, जनतासँग घनिष्ट सम्बन्ध राख्ने जनदिशाको सिद्धान्त अविचल रहने कुरामा पार्टी कटिबद्ध छ।

च) हाम्रो यो योजना सर्वहारावर्गको पार्टीको स्वतन्त्र आत्मनिर्णयको अधिकारको मान्यताअनुसार बन्नेछ। पार्टीको नेतृत्वमा सामन्तवाद र साम्राज्यवादविरोधी सबै तह तप्काका जनसमुदायलाई गोलबन्द गर्दै सशस्त्र सङ्घर्ष सञ्चालन गरिनेछ। कृषि क्रान्तिलाई मेरुदण्ड मानी हाम्रो सशस्त्र सङ्घर्ष श्रमजीवि समुदाय मुख्यत गरिब किसानहरुमाथि भर परेर चल्नेछ। कहिल्यै र कुनै पनि हालतमा पार्टी देशी एवम् प्रतिक्रियावादी गुटहरुको दबाब, धम्की र प्रलोभनमा पर्नेछैन।

छ) युद्धमा आफ्नै नियमअनुसार त्यो सरल रेखामा होइन जटिल बक्र रेखामा अघि बढ्नेछ। लेनिनको 'क्रान्ति आफूले आफ्नो विकासक्रममा सधैं नै असाधारण जटिल परिस्थिति सिर्जना गर्दछ' भन्ने कुराको महत्वलाई आत्मसात् गरेर जानु जरुरी छ। जीत र हार, उपलब्धि र क्षतिका चक्रहरु पार गरेर नै जनयुद्ध विजयी बन्नेछ। खराब कुरालाई असल कुरामा रुपान्तरण गर्ने अन्तर्विरोधको नियमलाई ठीक ढङ्गले पकडेर नै हामीले जनयुद्धको नेतृत्व गर्न सक्नेछौं।

**जनयुद्धका उपलब्धिहरु किन संरक्षण गर्न सकिएन ?**

महान् दश वर्षे जनयुद्धको षत्रिया अन्तरगत अकल्पनीय उपलब्धिहरु हासिल गरिएका थिए। २०५२ साल फाल्गुन १ गतेबाट तत्कालिन नेकपा (माओवादी) को नेतृत्वमा सशस्त्र जनयुद्धको शुरुवात गरियो। छापामार दस्ता, जनमिलिसिया हुँदै जनमुक्ति सेना, नेपालको सातौं डिभिजनसम्मको विकास गरियो।

भीषण वर्गसंघर्षकै प्रक्रियाअन्तरगत स्थानीय तहमा आधार इलाकाहरु निर्माण गरिए। जनसत्ता, जनअदालत र जनकम्युनहरु संचालनमा ल्याइयो। तत्कालिन प्रतिक्रिया सत्ताको विकल्पमा जनसरकारहरु निर्माण गरेर संचालनमा ल्याइयो।

१३ हजारभन्दा बढि नेपाली आमाका असल तथा आँटी छोराछोरीहरुले साहदात प्राप्त गरेर अमर शहिदको कोटीमा लामबद्ध हुन् पुगे। हजारौंले महान् दश वर्षे जनयुद्धको प्रक्रियाअन्तर्गत क्रान्तिलाई विजयमा पुऱ्याउने अठोट र प्रतिबद्धताका अपाङ्ग र घाइते हुन पुगे। हजारौंको संख्यामा प्रतिक्रियावादी सत्ताले ज्यान बेपत्ता पार्‍यो, जो आजसम्म सार्वजनिक गरिएको छैन। मुलुकको करीब ८० प्रतिसत भूभाग माओवादी प्रभावमा पर्न पुग्यो। यी सबै महान दशवर्षे जनयुद्धका महान उपलब्धि र क्रान्तिका सम्पत्ति हुन्।

**महान् दशवर्षे जनयुद्धका यी उपलब्धिको संरक्षण र क्रान्तिलाई किन पुरा गर्न सकिएन ?**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी)द्वारा २०५२ साल फाल्गुन १ गते जुन महान् जनयुद्धको ऐतिहासिक पहल गरियो र दश वर्षको अवधिमा ... बाँकी ७ पेजमा


---

◆ झर्रोटर्रो — कैलुब्राह

# धनयुद्ध दिवस

आज माहान् जनयुद्ध दिवस। गक्षअनुसार जनयुद्धको नेतृत्व गरेका र बाहिर बसेर रमिता हेरेका गरी चार थान हेड मनुवाहरूले एकैसाथ गए राती सपना देखेछन्। सबैले जनयुद्धकै बारेमा सपना देखेछन्। सपना देख्ने मनुवा थिए, नेपाल मण्डलका कार्यकारी अर्थात् नेकपा माकेका महामहिम मिस्टर सुप्रिमो थान एक, नयाँ भने पनि पुराने थोत्रो शक्तिका मुखिया गोर्खाली डाक्साव थान एक, माकेकै लाउके गोर्खाली काजीसाप थान एक र खुस्वेभका गाउँबाट गोबर सोहर्न भनी आफ्नै मुलुकाँ फर्केका चितौने क्लाउड थान एक। जम्मा थान चार। सपना देखेपछि विहाने उठेर आआफ्नै कुटीबाट एकार्कालाई कल हानेछन्। पैला सुप्रिमाले सरकारी कुटीबाटै डाक्साबलाई कल हान्दै आफूले सपना देखेको कुरा गरेछन्। उता डाक्सावले पनि जनयुद्धकै बारेमा सपना देखेको बताएछन्। डाक्सावले एकैसाथ सपना देखेको कुरा गर्दा सुप्रिमो निकै भावुक भएछन्। त्यसै बखत काजीसापले पनि सपना देखेको भन्दै सुप्रिमोलाई कल हानेर बताएछन्। उनको फोन बिसाउन नपाउँदै क्लाउडले पनि सुप्रिमोलाई फोन हान्दै गए राती जनयुद्धका बारेमा सपना देखेको कुरा बताएछन्। कस्तो जोग मिलेको ! हैन कस्तो अचम्म ! सबैले एकै रात एउटै समयमा जनयुद्धका बारेमा सपना देख्नु। सबै एकै ठाउँ जम्मा भएर सपनाका बारेमा समीक्षा गर्ने निधो गरेछन्। त्यसको चाँजोपाँजो मिलाउने जिम्मा काजीसापले लिए। उनले सबैलाई आफ्नै कुटी हात्तीवनमा बोलाए।

सबै हात्तीवनतिर हानिए। उता काजीले पनि सपनामा देखेको अनिष्ट मन्साउन भन्दै आफ्नै जातीय संस्कृति अनुसारको दारूपानी र छोइला भटुरा तयार पारेर नेताहरूलाई कुरेर बसे। हस्याङफस्याङ गर्दै काजीनिवास हात्तीवनमा तीन थान लाउकेहरू एकैसाथ पुगे। जाँदाजाँदै अर्को जोग पर्‍यो, एकै साथ तीनै थान मिस्टरहरू पुग्नु। सपनाले यहाँ पनि पछ्याएको अनुभव गरे उनीहरूले। सबै एउटै ल्याङ र ड्याङका भएकाले कसैले कसैलाई पहिला सलाम नगरी एकैसाथ हात मिलाए। काजीसाव (उनको नाउँ क्लाउडले भाँक्री राखेको हुनाले अब उप्रान्त उनलाई भाँक्री भनिने छ। किनकि त्यसको एउटा छोटो कथा छ। घैंटो नफुट्दै एकपटक सिसिको बैठकमा बैठक सञ्चालन गर्दै क्लाउडले भनेछन् 'हाम्रो पाइटीमा तीन थान उपाध्यक्ष हुनुहुन्छ, एउटा वैद्य, अर्का डाक्टर र तेस्रा भाँक्री' यसरी तहाँउप्रान्त उनको नाउँ पाइटीमा भाँक्री रहन गयो।)ले सबैलाई बैठक हलमा लगे। सबै थपाथप एकेक वटा सोफामा बसे। फागुनको महिना भए पनि बिहान



चिसो भएकाले पहिला कफी पिउने भन्दै भाँक्रीले आफ्ना सुसारेलाई कफी ल्याउन अडर गरे। तुरुन्त कफी आयो। सबैले कफीको चुस्की पनि एकैसाथ लिन थाले।

सन्नाटा चिर्दै मिस्टर सुप्रिमोले आफूले देखेको सपना बताउन थाले। 'हेर्नुस् साथी हो, मैले आजको सपनामा म त उतै रोल्पा घोरनेटीतिर बसेको हुन्छु अरे। डाक्सावलाई कारवाही गरिएको हुन्छ। उहँलाई भेटगर्न भन्दै बोलाएको हुन्छु। मिसेज यमीसहित डाक्साव आउनुभा'हुन्छ। एकाएक ठूलो जुलुस जनयुद्ध जिन्दावाद, जनयुद्ध जारी छ, हामी मरेका छैनौ, तिमीहरू हाम्रा नेता हैनौ, धोकेवाज र गद्दारहरू मूर्दावाद भन्दै नारा लगाएर हामी भा'ठाउँ आयो। त्यो जुलुसमा देशैभरका सहिदहरू, घाइते र अपाङ्गहरू, विदेशतिर हानिएका युवाहरू र खाते बानाइएर हुत्याइएका भुँइवाला लडाकाहरू थिए। बाहिर जुलुसले नारा घन्काइरह्यो भित्र चार जना प्रतिनिधि आए। डाक्साव र म थियौं। तिनीहरूले हाम्लाई तपाईँहरूले गद्दारी गर्नुभो, नेताहरूको वर्ग उठ्यो कार्यकर्तालाई रैती बनाउनुभो, जनवाद आयो भनेर दुश्मनहरूसँग घाँटी जोडेर आफ्नो स्वार्थ पूरा गर्नुभो, पार्टी फुटाउनुभो, विस्तारवादको दलाली गर्नुभो, असमान सन्धीलाई स्वीकारेर पच्चीसबुँदे गर्नुभो, पिएलएका कमाण्डर, जिल्ला हाँकेका नेताहरू सबै दलाल, तस्कर, ठेकेदार बनाउनुभो, पार्टीमा बुर्जुवा वर्ग भरेर इमान्दारलाई पाखा लगाउनुभो, यस्ता धोकेवाजलाई हामी तेसै छोड्नेवाला छैनौं। तपाईंले जति गद्दारी गरेर विस्तारवाद र साम्राज्यवादको चाकडी गरेपनि तपाईंलाई अन्तिममा भ्रुण्ड्याउँछन् बुफ्नुभो भन्दै धम्क्याएर हिँडे। मलाई त ऐठन परेछ र निकै आत्तिँदै फ्ल्याँस्स ब्युँफँदा म त सरकारी ओछ्यानमा मस्तसँग सुतेको पो रहेछु। यस्तो सपना पो देखियो त भन्दै कुम हल्लाएर आँखा रसिला पार्दै फ्ष् हुँहुँहुँ गर्दै मुसुमुसु हाँसे।'

त्यसपछि डाक्सावले आफूले देखेको सपना भन्न थाले। 'मैले त आज सपनामा उतै कुरेलीमा थुनिएर बसेको हुन्छु अरे। त्यतिबेला यस्तो कल्पना गरेको हुन्छु- प्रम भएर बालुवाटार बसेर जमुसेलाई कसरी विघटन गर्ने भनेर सोचिराखेको हुन्छु। मलाई त युद्धमा पनि जमुसेलाई त्यति ठिक लाग्दैनथ्यो। करकापले मात्रै मानेको थिएँ। अनि समायोजन गरेर विघटन गरेको, भारत गएर विप्पा गरेर जुवा खेलेको, एयरपोर्ट पनि उतै बुफाउन यमिले दवाव दिएको, कम्निस सम्निस छोडेर फकिर भएर उद्योगी व्यापारी, उच्च घरानीयाँ, हिरो हिरोनी, रिटायर भएका उच्चतहका ब्युरोक्र्याटहरू बटुलेर नयाँ अभियान चलाएको हुन्छु अरे। त्यत्तिकैमा सहिद, घाइते, बेपत्ता, तल्लो कोटीका कार्यकर्ता विदेशिएका लडाकाहरू आएर घेरा हालेर तपाइँ गद्दार, धोकेवाज, जनुयुद्ध भाँड्न घुसेको बुर्जुवा भनेर हकारेका हुन्छन्। मलाई त कस्तो ऐठन परेको हुन्छ। यमिले अई जितबिरे केको ठसठस् गरेछस्, टिमी बौलाउँछस् कि केहो, किन बरबराको ट, भनेर धक्याएर उठाइन्। म झसङ्ङ भएँ।'

अब पालो आयो क्लाउडको। उनले पनि देखेको सपना भन्न थाले। 'म त चुनवाङको बैठकमा हुन्छु अरे हुँम्। मलाई किन लिम्पाओवादी भनेको ? के म लिम्याओवादी नै हुँ त ? हुँम्। म त्यत्रो देशमा इन्जिनियर पढ्न गा'को मान्छे ... बाँकी ५ पेजमा

# कार्लमार्क्स : महान चरित्रका केही प्रमुख विशेषता

**लोकप्रियताको लागि गरिने काम र प्रयासलाई उहाँ पटक्कै मनपराउनु हुन्नथ्यो । उहाँको एउटा दृढ मत के थियो भने जन-समूहबाट प्राप्त हुने वाहवाहीको मतलब आफू गलत बाटोमा रहेको तथ्यको एउटा पक्का सबूद प्रमाण हो । कसैले आफ्नो खुब प्रशंसा गर्दैमा, वा कसैले निन्दा वा बदख्वाइँको प्रचार गर्दैमा, वा कसैले आफ्नो विरुद्ध होहल्ला मचाउँदैमा उहाँ आफ्नो बाटो छोडेर हिंड्ने व्यक्ति हुनुहुन्नथ्यो ।**



– कृष्णदास श्रेष्ठ

मार्क्स एक बहुमुखी, बहुआयामिक र बहुपक्षीय प्रतिभाहरूले सम्पन्न व्यक्तित्व हुनुहुन्थ्यो । उहाँ एक महान वैज्ञानिक, वैज्ञानिक सत्यका अनुसन्धानकर्ता, सर्वहारा आन्दोलनका महान गुरु, नेता तथा सङ्गठनकर्ता, सर्वहारा मुक्ति-सङ्घर्षका महान रणनीतिज्ञ तथा कार्यनीतिज्ञ, क्रान्तिकारी विचारक तथा प्रचारक हुनुहुन्थ्यो । सर्वहारावर्गको मुक्तिको पवित्र लक्ष्यमा र सत्य र न्यायको पक्षमा बडो उत्साह, लगन तथा साहसका साथ गरिएको सङ्घर्षले भरिपूर्ण उहाँको जीवन थियो । कम्युनिष्ट लीगका सङ्गठनकर्ता, कम्युनिष्ट घोषणापत्रका एक लेखक, क्रान्तिकारी विश्व-दृष्टिकोण, अतिरिक्त मूल्यको सिद्धान्त र वैज्ञानिक साम्यवादका प्रवर्तक, पहिलो इन्टरनेशनलका मुटु तथा मस्तिष्क, विश्व मजदुर आन्दोलनको लागि सही दिशाबोधदाता र विश्वका मजदुरहरूको वर्ग-सङ्घर्षका लागि संयुक्त कार्यनीतिका प्रतिपादकको हैसियतबाट उहाँले सामाजिक विचारको क्षेत्रमा र श्रमिक मानवजातिको मुक्ति-लक्ष्यमा अमर र गौरवशाली उहाँले योगदानहरू गर्नुभयो ।

विशाल हृदय भएका सर्वहारावर्गका सच्चा नेता तथा गुरुको हैसियत राख्ने महान व्यक्तित्वमा महान चारित्रिक गुणहरू स्वाभाविक रूपमा रहेका हुन्छन् । वैज्ञानिक, चिन्तक तथा क्रान्तिकारी योद्धाको रूपमा मात्र होइन, मानिसको रूपमा पनि मार्क्स सर्वोत्तम बौद्धिक तथा नैतिक गुणहरूले सम्पन्न हुनुहुन्थ्यो । अन्याय, अत्याचार तथा शोषणप्रति र त्यस्तै फट्याइँ, पाखण्डीपन तथा क्रूरताप्रतिको दृष्टिकोणमा, आफ्ना सहयोद्धा, मित्र तथा अनुयायीहरू र केटाकेटीहरूप्रतिको व्यवहारमा र साथै सामना गर्नुपरेका आपद-विपद र दुखको बेलामा उहाँको महान चरित्रमा अन्तर्निहित गुणहरू अभिव्यक्त भएका थिए ।

मार्क्सको स्वीकारोक्ति ९ऋयलाभककष्यलक०, जुन उहाँले १८६५, अप्रिल १० तारिखमा लेख्नुभएको थियो, त्यसले उहाँको व्यक्तित्व र चरित्रको सम्बन्धमा केही प्रकाश प्रदान गर्छ । व्यक्ति कस्तो कुरा मन पराउँछ, कस्तो मन पराउँदैन, कस्तो व्यक्तिलाई मन पराउँछ, कस्तोलाई घृणा गर्छ भन्ने कुरामा उसको मानसिक स्थिति, मनोवैज्ञानिक बनौट, उसको व्यक्तित्वको आन्तरिक ढाँचाले सारगत रूपमा आफूलाई व्यक्त गर्छन् । उपरोक्त स्वीकारोक्ति निम्न प्रकारको छ ः

*तपाईंलाई सबभन्दा बढी मनपर्ने गुण* - सरलता

*पुरुषमा तपाईंलाई मनपर्ने गुण*- बल

*आइमाईमा तपाईंलाई मनपर्ने गुण* - कमजोरी

*तपाईंको मुख्य विशेषता* - आफ्नो उद्देश्यप्रति पूर्ण समर्पण

*सुखसम्बन्धी तपाईंको विचार* - सङ्घर्ष गर्नु

*दुःखसम्बन्धी तपाईंको विचार* - आत्म-समर्पण गर्नु

*तपाईंले क्षमा गर्नसक्ने अवगुण* - सजिलैसित धोखामा पर्नु

*तपाईंलाई सबभन्दा बढी घृणालाग्ने अवगुण* - दास-प्रवृत्ति

*तपाईंलाई अति मननपर्ने व्यक्ति* - मार्टिन तुपर

*तपाईंको प्रिय पेशा* - किताबको किरा बन्नु

*तपाईंलाई मनपर्ने कवि* - सेक्सपियर, एसिलस, गेटे

*तपाईंलाई मनपर्ने गद्य* - लेखक - दिदेरत

*तपाईंलाई मनपर्ने वीर* - स्पार्टाकस, केप्लर

*तपाईंलाई मनपर्ने वीराङ्गिनी* - ग्रेचेन

*तपाईंलाई मनपर्ने रङ्ग* - रातो

*तपाईंलाई मनपर्ने नाउँ* - लौरा, जेनी

*तपाईंलाई मनपर्ने खाना* - माछा

*तपाईंको प्रिय सूत्र* - कुनै पनि मानवीय चीज मेरो लागि विजातीय छैन - (Nihil humani a me alienum puto)

*तपाईंको प्रिय आदर्श वाक्य* - हर कुरामा शङ्का गर (De omnilus dubitendum)

आफ्नो समयका प्रगतिशील प्रवृत्तिहरू र समाजको सबभन्दा क्रान्तिकारी र भविष्य बोकेको वर्गका आधारभूत हितहरूको सच्चा प्रवक्ता हुनाले, मार्क्स वास्तविक तथा पूर्ण अर्थमा महान नेता कहलिन योग्य हुनुहुन्थ्यो । के भनिन्छ भने श्रमजीवी जनताका सच्चा, महान नेतामा केटोको दिल हुन्छ – विशाल, शुद्ध, सीधा र पवित्र । उक्त भनाइ एक महान सत्य हो, र मार्क्समा उक्त सत्यले आफूलाई अधिकतम स्पष्ट, अधिकतम पूर्ण र अधिकतम चहकिलो रूपमा अभिव्यक्त गरेको छ ।

आफ्नो मार्क्ससम्बन्धी संस्मरणमा विल्हेल्म लीब्नेच्टले मार्क्सको चरित्रका विशिष्ट लक्षणहरूबारे धेरै ठाउँमा चर्चा गरेका छन् । एक ठाउँमा उनले लेखेका छन् ः

"मार्क्स त्यस्ता थोरै मानिसहरूमा एकजना हुनुहुन्छ, जो मिथ्याभिमानबाट मुक्त थिए । उहाँ कति महान, कति सबल र साथै कति स्वाभिमानी हुनुहुन्थ्यो भने उहाँमा मिथ्याभिमान भन्ने कुरा थिएन । उहाँ कहिले पनि बनावटी रूप लिनुहुन्नथ्यो, उहाँ सँधैभरि आफै हुनुहुन्थ्यो । नक्कली भेष धारण गर्न वा बहाना गर्न उहाँ सक्नुहुन्नथ्यो, जस्तो कि कुनै केटो त्यसो गर्न सक्दैन .......

"कुनै पनि मानिस मार्क्सभन्दा बढी सत्यवादी हुन सक्दैन – उहाँ सत्यवादीताको अवतार हुनुहुन्थ्यो ।

"निरन्तर युद्धको स्थितिमा रहेको हाम्रो 'सभ्य' समाजमा सधैँभरि सत्य बोल्न सकिँदैन, किनभने त्यसरी बोल्दा शत्रुको हातको खेलौना बन्न जानेछ वा समाजबाट अलगिने खतरा रहनेछ । तर, सत्य बोल्नु अक्सर बुद्धिमानी नभए पनि,, सधैँभरि झुटो बोल्नु आवश्यक छैन । मैले आफूलाई लागेको वा आफूले महसुस गरेको कुरा जैले पनि भन्नु हुँदैन, तर त्यसको अर्थ आफूले महसुस नगरेको वा आफूलाई ठीक नलागेको कुरा भन्नुपर्छ भन्ने होइन । पहिलो बुद्धिमानी हो भने पछिल्लो पाखण्डनीपन हो । मार्क्स कहिले पनि पाखण्डी हुनुहुन्नथ्यो । एक सीधासाधा केटो झैं, उहाँ पाखण्डी बन्न एकदमै सक्नुहुन्नथ्यो । उहाँकी श्रीमती उहाँलाई अक्सर 'मेरो ठूलो बच्चा' भनी बोलाउँथे, र तिनले भन्दा बढी कसैले पनि, एन्जेल्स समेतले पनि, उहाँलाई जानेका वा बुझेका थिएनन् ।

"झुठो बहाना गर्ने मानिसहरूलाई उहाँ घृणा गर्नुहुन्थ्यो ।"

वैज्ञानिक सत्यका अथकित अनुसन्धानकर्ता हुनाले, मार्क्सको एउटा चरित्रगत विशेषता कस्तो रहेको थियो भने उहाँ खोक्रो वाक्यांश, फोस्रो धाक तथा फाइँफुट्टी, झुटो पोजको प्रदर्शन आदिलाई भयानक रूपले घृणा गर्नुहुन्थ्यो, र त्यसलाई उहाँ क्षमायोग्य कुरा ठान्नुहुन्नथ्यो । विज्ञानको क्षेत्रमा होस् वा राजनीतिको क्षेत्रमा, उहाँ साधन र साध्यको शुद्धताको पक्षधर हुनुहुन्थ्यो, र त्यसको विपरित गरिने क्रियाकलापलाई नीच तथा घिनलाग्दो कुरा ठान्नुहुन्थ्यो । राम्रा, आकर्षक वाक्यांशहरू प्रयोग गरी आफ्नो बुद्धिहीनतालाई लुकाउन खोज्ने, वा षड्यन्त्रकारी ढङ्गले क्रान्तिकारी नाराहरू दिई आफ्नो महत्वाकांक्षी उद्देश्य वा संकीर्ण स्वार्थ पूरा गर्न खोज्ने प्रवृत्तिलाई उहाँ एउटा ठूलो अपराधको रूपमा लिनुहुन्थ्यो । उहाँको अन्तर्दृष्टि यति तीक्ष्ण थियो कि उहाँ त्यस्ता वाक्यांश तथा नाराहरूको पछिल्तिर रहेको पाखण्डीपन, गँवारपन वा निहित स्वार्थलाई राम्ररी देख्नुहुन्थ्यो । खास रूपले उहाँ विज्ञानलाई, कुनै सिद्धान्तलाई आफ्नो स्वार्थ सिद्ध गर्नका लागि प्रयोग गर्ने गँवारहरूप्रति साह्रै ठूलो घृणाको दृष्टिले हेर्नुहुन्थ्यो । "नीच उद्देश्य" मा विज्ञानको प्रयोग गर्नु हुँदैन भनी उहाँ जोडदार रूपमा वकालत गर्नुहुन्थ्यो । उहाँ भन्नुहुन्छ ः

"………. जब कुनै मानिसले विज्ञानलाई स्वयं विज्ञानबाट निकालिएको दृष्टिकोणसित होइन, बरु बाहिरबाट, विजातीय बाहिरी हितबाट निकालिएको दृष्टिकोणसित मिलाउन खोज्छ, तब म उसलाई 'नीच' भन्छु ।"

मार्क्सले उपरोक्त कुरा थामस रबर्ट माल्थस, रोस्चर, फ्रेडेरिक बास्टियट जस्ता विज्ञानको झुटो विवेचना गर्ने र शासकवर्गहरूप्रति चापलुसी देखाउनेहरूलाई लिएर भन्नुभएको थियो । उहाँ त्यस्ता अर्थशास्त्री, राजनीतिज्ञ, दार्शनिक आदिलाई 'नीच' ठान्नुहुन्थ्यो, जो सत्यको खोज गरी त्यसलाई खुलस्त पार्नुको सट्टामा सत्यको झुटो रूप र मिथ्या व्याख्या प्रस्तुत गर्ने, अर्ध-सत्य कुराको चिप्लो घसेर सत्यलाई लुकाउन खोज्ने र त्यसरी शासकवर्गहरूको हित साध्ने र आफ्नो संकीर्ण स्वार्थ पूरा गर्ने गर्दथे ।

त्यस्तै, सस्तो लोकप्रियताका भोका, आफ्नो अल्पज्ञानका घमण्डी तथा आत्म-प्रशंसक नेताहरूप्रति पनि उहाँमा ठूलो घृणाको भाव थियो । जर्मन सामाजिक-जनवादीहरूका नेता फर्दिनैण्ड लास्साल उहाँको दृष्टिमा उपहासको पात्र बन्नाको कारण के थियो भने उनमा प्रतिभा भए पनि,, सस्तो लोकप्रियताको भोक, शान देखाउने कुलीनवर्गीय प्रवृत्ति, पैसाको लोभ, चञ्चलता तथा भावुकता, जस्ता खराबीहरू रहेका थिए । त्यसो हुनाले मार्क्सले उनलाई घृणा र उपहास जनाउने नक्कली नामहरू दिने गर्नुभएको थियो । उहाँ सस्तो लोकप्रियताको निम्ति गरिने चाप्लुसी तथा प्रचारलाई घृणाको दृष्टिले हेर्नुहुन्थ्यो, र उहाँले लोकप्रियताको दृष्टिबाट कहिले काम गर्नु भएन । १८७७ नवेम्बर १० तारिखमा विल्हेल्म ब्लोसलाई पठाएको पत्रमा उहाँले लेख्नुभयो ः "हामीमध्ये" (यहाँ हामीको ताप्पर्य आफू र एन्जेल्स-ले.) "कसैले पनि लोकप्रियताको लागि रत्ती पनि वास्ता गरेका छैनौं । उहदाहरणका लागि, त्यसको एउटा प्रमाण के हो भने कुनै पनि व्यक्ति-पूजाप्रति घृणाको कारणले गर्दा, इन्टरनेशनल रहँदाखेरि विभिन्न मुलुकहरूबाट मप्रति प्रशंसाका जुन असंख्य अभिव्यक्ति प्रकट गरिएको थियो, त्यसलाई मैले कहिले पनि आम प्रचारको क्षेत्रसम्म पुग्न दिएको छैन,  र यदाकदा गाली गर्नु बाहेक मैले कहिले पनि जवाफ दिएको छैन । पहिलोपटक एन्जेल्स र म गोप्य 'कम्युनिष्ट समाज'मा सामेल हुँदाखेरि हामीले एउटा कस्तो शर्त राख्यौं भने प्राधिकारप्रति अन्ध-विश्वासपूर्ण विश्वासलाई प्रोत्साहित गर्ने सारा कुरा नियमावलीबाट हटाउनु पर्छ ।"

लोकप्रियताको लागि गरिने काम र प्रयासलाई उहाँ पटक्कै मनपराउनु हुन्नथ्यो । उहाँको एउटा दृढ मत के थियो भने जन-समूहबाट प्राप्त हुने वाहवाहीको मतलब आफू गलत बाटोमा रहेको तथ्यको एउटा पक्का सबूद प्रमाण हो । कसैले आफ्नो खुब प्रशंसा गर्दैमा, वा कसैले निन्दा वा बदख्वाइँको प्रचार गर्दैमा, वा कसैले आफ्नो विरुद्ध होहल्ला मचाउँदैमा उहाँ आफ्नो बाटो छोडेर हिंड्ने व्यक्ति हुनुहुन्नथ्यो । जसले जेसुकै भनून्, गाली गरुन् या तारिफ गरुन्, त्यसबाट रत्ती पनि विचलित नभएर र बदख्वाइँ र निन्दालाई माकुराको जालो झैं ठानी त्यसलाई पन्छाई उहाँ आफ्नो बाटो लाग्नुभयो । जब जब कुकुरले भुक्छ, तब तब जो मानिस रोकिन्छ, ऊ कहिल्यै आफ्नो लक्ष्यमा पुग्न सक्दैन । त्यसैले दाँतेको निम्न पङ्क्ति मार्क्सको मूलमन्त्र बनेको थियो ः खुरुखुरु आफ्नो बाटो लाग, भन्नेहरू भनिरहून् ।

विज्ञानमा र राजनीतिमा गवाँरहरू त्यस्ता मानिसहरूमध्येका थिए, जसप्रति मार्क्समा औधी घृणा थियो र जसलाई उहाँ उपहासको पात्र बन्न योग्य ठान्नुहुन्थ्यो । गवाँरवादका धेरै रूपहरू छन् र त्यो विभिन्न रूपमा व्यक्त हुन्छ । गवाँरहरू आफूलाई बडो ठूलो चिन्तकजस्तो, बडो बुद्धिमानीजस्तो देखाउन खोज्छन्, तर तिनीहरू ज्ञान-सागरमा सतहभन्दा तल पुगेका हुँदैनन् । तिनीहरू आफ्ना खिचडी धारणा, इच्छा वा अनुमानलाई तथ्य मानेर अखबारहरूमा प्रचार वा संसदमा भाषण गरेर संसारलाई हाँक्न सक्ने ठान्छन् । उनीहरू जोशिला शब्दहरू प्रयोग गरेर उडन्ते भाषण गर्न मनपराउँछन् र अनि आफ्नै महत्वाकांक्षा वा स्वार्थलाई समयको मागको रूपमा प्रस्तुत गर्न धक मान्दैनन् । कोही त आफू ठूलो योद्धाको रूपमा प्रस्तुत गर्छन्, तर तिनीहरू त्याग र बलिदान गर्ने योद्धा नभएर पेटको लागि वा पदको लागि लड्ने योद्धा मात्र सधैँभरि रहन्छन् । तिनीहरू फुलबुट्टा भरेर भाषण गर्छन्, साना-तिना काम गरेर आफूले महान काम गरेको ठान्छन्; दिमाग खोक्रो भए पनि, आफूलाई ठूलो विद्वान सम्झन्छन्, कुनै ठोस काम गर्न नसके पनि आफूलाई वीर ठान्दछन्, आफ्नै महत्वाकांक्षा, वा पद-प्राप्ति वा नाउँ-प्रचारको स्वार्थलाई समाजको भलाइको मापदण्डको रूपमा लिन्छन् । गवाँरहरू विभिन्न रूपमा र विभिन्न भूमिकामा देखापर्ने गर्छन् । कहिले मालिकजस्तो, ठूलो नेताजस्तो, कहिले क्रान्तिकारी योद्धाजस्तो आफ्नो प्रदर्शन पनि गर्छन् भने आफ्नो स्वार्थ पूरा हुने भए मालिकको सामु, सत्ताको सामु, वा ठूलाको सामु लाजै नमानिकन दासजस्तो भएर आफूलाई समर्पण गर्छन् । खास रूपले, दास-भावना गवाँरको चरित्रको एउटा अभिन्न अङ्ग, उसको चेतनाको मूल धार बनेको हुन्छ । निम्न-पुँजीवादी आत्म-सन्तुष्टि, काथरता तथा पदलोलुपता, चापलुसी र पाखण्डीहरूमा रहेको दास-मनोविज्ञानको स्वाभाविक उपजको रूपमा रहेको गवाँरवाद शोषणमा आधारित सामाजिक व्यवस्थाको एउटा अनिवार्य प्रतिफल हो ।

मार्क्सको निम्ति, गवाँरवाद एक ज्यादै घृणित र हास्यास्पद कुरा थियो र गवाँरहरूप्रति उहाँको घृणा, आलोचना तथा उपहासको दृष्टि रहेको थियो । अङ्ग्रेजी नीतिशास्त्री जेरेमी बेन्थामलाई (१७४८-१८३२) उहाँले "गवाँरहरूका पिता" को संज्ञा दिनुभयो । १९ औं शताब्दीमा पुँजीवादी विवेकका मूर्ख पुरेत र अहंकारी स्वार्थलाई समाजको भलाइको मापदण्ड ठान्ने गवाँरवादका नमुना समर्थक रहेका बेन्थाम, उहाँको दृष्टिमा, "पुँजीवादी वाहियातीपनको रूपमा प्रतिभा" थिए । माथि उल्लेखित उहाँको स्वीकारोक्तिमा उहाँलाई असाध्य मननपर्ने व्यक्तिको रूपमा मार्टिन तुपरको नाउँ उल्लेख भएको छ, र सो व्यक्ति, मार्क्सको दृष्टिमा, गवाँरको अति नीच रुचि मुताबिकको सस्तो सफलताका प्रतीक, साहित्यिक गवाँरवादका प्रतीक रहेका थिए । उहाँले लेख्नुभयो ः "कविहरूको माझमा मार्टिन तुपरको जुन स्थान छ, त्यस्तै स्थान दार्शनिकहरूको माझमा बेन्थामको रहेको छ ।"

गवाँरको आत्म-सन्तुष्टिप्रतिको घृणा र उपहासपूर्ण दृष्टि मार्क्समा युवावस्थादेखि नै रहेको थियो, र त्यो उहाँको चरित्रको एउटा खास विशेषता थियो । विज्ञान र राजनीतिको क्षेत्रमा गवाँरहरू देखापर्नु कुनै आकस्मिक कुरा नभएर स्वाभाविक रहेको तथ्यलाई उहाँले पहिले नै औंल्याउनुभएको थियो । उहाँको दृष्टिमा, जसरी प्रत्येक क्रान्तिले ठूल-ठूला वीरहरूका साथै कतिपय नालायक, बेकम्मा तत्वहरूलाई, कुनै रूपमा आफ्नो स्वार्थलाई अघि बढाउन खोज्ने तत्वहरूलाई प्रकाशमा ल्याउँछ र जसरी समुद्रमा उठ्ने आँधीपछि त्यसको तल्लो भागमा हिलो जम्ने गर्छ, त्यसरी नै प्रत्येक महानताको विकासले तुच्छहरूलाई पनि सतहमा ल्याउने गर्छ । वास्तवमा गवाँरहरू त्यस्ता नालायकहरू हुन् जो क्षुद्रता र नीचतामा आफूलाई हुर्काउने गर्छन् र जो फोहर हिलोमा रमाउने गर्छन् । युवावस्थामा नै मार्क्सले बडो चहकिलो विद्वताका साथ लेख्नुभएको थियो "........ प्रत्येक भीमकाय व्यक्तिले, र त्यस्तै बीस लाइनको प्रत्येक अध्यायले एउटा बाउन्नेको पूर्वानुमान गर्छ; प्रत्येक प्रतिभाले संकीर्ण विचारका गवाँरको र समुद्रमा उठ्ने प्रत्येक आँधीले हिलोको पूर्व-अनुमान गर्छ, र पहिलो बिलाउने बितिकै पछिल्लो शुरु हुन्छ र त्यो हठ्ठीपूर्वक आफ्ना लामा खुट्टाहरू पसारेर टेबुलनिर बस्दछ ।"

प्रत्येक महानको आफ्नो विपरित हुने, त्यसलाई सो विपरितले फाल्ने कुराको जिकर गर्दै उहाँले वीर सिजारलाई नाटकमा खेल्ने अक्टाभियानसले, सम्राट नेपोलियनलाई पुँजीवादी राजा लुई फिलिपले, दार्शनिक कान्टलाई कार्पेट-नाइट क्रुगले, कवि स्किलरलाई होफ्राट रौपाचले र लीब्नेच्टको स्वर्गलाई ओल्फको कक्षा-कोठाले पछ्याएको कुरा उल्लेख गर्नुभयो ।

एकातिर मार्क्समा गवाँरवादप्रति, पाखण्डीपनप्रति ठूलो घृणा थियो भने अर्कोतिर उहाँमा विनाभेदभाव सारा कुराको विरोध गर्ने, विनासन्दर्भ क्रान्तिको ठूल-ठूला कुरा गर्ने, कुनै सकारात्मक कार्यक्रम प्रस्तुत गर्ननसक्ने र पूरै नकारात्मकताको प्रदर्शन गर्ने प्रवृत्तिप्रति कुनै सहानुभूति थिएन । आफ्नो युवावस्थामा उहाँले त्यस्ता "बर्लिन बकम्फुसेहरू"प्रति रोष प्रकट गर्ने गर्नुहुन्थ्यो जो आफूलाई सच्चा क्रान्तिकारी र मानवजातिको मुक्तिदाताको रूपमा बडो घमण्ड र फाँइफुट्टी गर्दै हिंड्ने गर्दथे । त्यसताका उहाँले राइनिश जाइटुङ्लाई निर्लज्ज आत्म-विज्ञापन र आत्म-प्रशंसापत्रमा फेर्ने उक्त जमातको प्रयासको विरोध गर्नुभएको थियो र त्यससित आफूले गरेको मागबारे १८४२ नवेम्बरमा रुजलाई लेखेको पत्रमा भन्नुभएको थियो ः "मैले उनीहरूबाट कम अस्पष्ट तार्किकता, कम तडकभडकपूर्ण वाक्यांशहरू र कम आत्म-सन्तुष्ट आत्म-प्रशंसा, र बढी निश्चितता, वास्तविक स्थितिप्रति बढी ध्यान, बढी दक्ष ज्ञानको माग गरेँ । मैले के भने भने म अमहत्वपूर्ण नाटकीय आलोचनाहरू, आदिमा कम्युनिष्ट तथा समाजवादी सिद्धान्तहरूलाई र, त्यसैले, नयाँ विश्व-दृष्टिकोणलाई घुसाउनु अनुचित, साँच्चैको अनुचित समेत ठान्दछु, र यदि साम्यवादबारे छलफल नै गर्नु छ भने म त्यसबारे बिलकूल भिन्नै र बढी पूर्ण छलफलको माग गर्दछु ।"

क्रमशः

## धनयुद्ध ...

गोबर सोहर्न भन्दै पाढाईसढाई गोली मारेर आएँ । मलाई ऐले आफ्नै नेताले पाइटी भित्रै कारबाही गर्ने हुँम् भनेर धुरुधुरु रोएँ । अब म अधक्ष सुप्रिमोमा विलय भएँ हुँम् । यस्ता सुप्रिमोलाई रेड स्यालुट छ भनेर भने । त्यैभ'र वैद्यको पछि लागेर पाइटी फोडेर गए पनि सुप्रिमोलाई विर्सनै नसकेर फेरि विलिन हुन आएँ । ब्युँझँदा त लोडसेडिङ हटेकाले ' विद्युत' त आँखै अगाडि झलमल्ल भ'को रैच । खुसी लाग्यो हुँम् ।'

अन्त्यमा झाँक्रीले सपना बताए । 'मैले यस्तो सपना देखेँ कि एमविसँग पार्टी एकता गरे पनि अलग्गै गुट चलाएको, जनयुद्ध सामाजिक फासिवादीतिर जानसक्छ भनेर भनेको, माओवादीलाई जसरी पनि शान्ति प्रकृयामा ल्याउनु पर्छ भनेर सातदलमा कुरा उठाएको, माओवादीको कोटामा शेरचनलाई उपप्रधान मन्त्री बनाएर सरकारमा पठाएको, लखनऊ र घर्तीगाउँमा माओवादीसँग पैसा ल्याएर खर्च चलाको सपना पो देखेँ ।'

यसरी सबैले सपनाको वृत्तान्त कहेपछि एउटा निषकर्षमा पुगे । झाँक्रीले भने 'हेर्नुस् साथीहरू डाक्सावले त कम्निस सिद्धान्त पनि त्याग्नुभो, पार्टीको नाम पनि नयाँ शक्ति राख्नुभो । तो ठिक छ । अब हाम्ले पनि चरित्र र कार्यदिशा अनुसारको नाम राखौँ । मेरो प्रस्ताव के छ भने नेपाल कम्युनिस्ट पार्टी माओवादीकेन्द्र लाई बदलेर नेपाल कमाउ पार्टी मारवाडीकेन्द्र राखौँ । त्यसो गर्दा रूप र सार पनि मिल्च । अब हाम्रो समाजवादतिर जाने कार्यदिशा भएकोले सबैले धन नकमाई तो पूरा हुँदैन । तेसो भएर कम्युनिस्टको ठाउँमा कमाउ राख्नु उचित हुन्च । तेसो हुँदा पार्टीमा लुतेलाम्रे, गरिब, र केही गर्न नसक्ने हुतिहाराहरूलाई भरेर हुँदैन तिनलाई रैती नै बनाउनु पर्च भोट तान्न काम लाग्चन । केन्द्रमा नवधनाड्य, र धनकमाएका मारवाडी तहकालाई राखौँ र माओवाद छोडेर मारवाडीकेन्द्र बनाऔँ । तेसो भएपछि डाक्साव पनि एकतामा फर्किनुहुन्च ।' सबैले ठिक प्रस्ताव भनेर निकैबेर ताली बजाए । त्यसपछि सुप्रमोले अब जनयुद्ध दिवस होइन धनयुद्ध दिवस मनाउनु पर्च भनेर प्रस्ताव गरे । फेरि ताली बजाएर पास गरियो । र, त्यसको व्यवस्था मिलाउन झाँक्रीलाई गुज्जर भैयाको देशतिर कुरा मिलाउन पठाउने सहमति भयो ।

अन्त्यमा ककटेल मनाउन सबै जुटे । रेडलेवल ब्ल्याकलेवलका विर्का खोलिए । हुर्रे गर्दै जस्न मनाए । छोइला भटुरा चपाए । सुप्रिमोले आज जनयुद्ध सुरु गरेको दिन भएर त्यसको सम्झनाका लागि रोल्पाबाटै मगाएको कोदोको एकपानेको जर्किन खोले । सबैले तुनुक्क पारेर तुन्क्याउँदै एक स्वरमा नारा लगाए 'धनयुद्ध दिवस जिन्दावाद' ।

१ फागुन २०७३

kailubraha73@gmail.com

# कृष्णसेन 'इच्छुक'का कवितामा साहित्य चर्चा

■ निनु चापागाईं

कृष्णसेन 'इच्छुक' नेपालको समाजवादी यथार्थवादी कविताधाराका एकजना अजम्बरी कवि हुन् । समाजवाद एवम् साम्यवादप्रतिको आफ्नो अविचल निष्ठालाई उनले आफ्नो कवितामा प्रस्ट र कलात्मक रूपमा मुखरित गरेका छन् । वर्गवैरीहरूले जतिसुकै दमन र नरसंहारको ताण्डव नृत्य चलाए तापनि आफ्नो आस्थाको अजम्बरी सपना कहिल्यै नमर्ने उद्घोष आफ्ना कवितामा उनले गरेका छन् । उनी भन्दछन् :

सोझै क्रूर गोलीले उडाऊ
या हुर्हुर जिउँदै आगोमा जलाऊ
काटेर टुक्रा टुक्रा पार
या ताछेर मासुको अम्बार लगाऊ
शुष्क हाडहरूको पहाड ठड्याऊ
या रक्तको नदी बगाऊ
नयाँ प्रभातका उज्यालो प्रकाशहरूलाई
बेपत्ता पारेर जतिसुकै लुकाऊ
नरसंहारको ताण्डव-नृत्य नाच
या वीभत्स मृत्यु-उत्सव मनाऊ
कतै मन्द सास पनि तुफान बन्ला
मुटुका धड्कनहरूलाई धुलीसात् तुल्याऊ
तर पनि मर्दैन कहिल्यै हाम्रो आस्थाको अजम्बरी सपना ।

('अजम्बरी सपना', इच्छुक रचनावली, भाग २, पृ. १४१) समाजवादप्रतिको आफ्नो यस्तो अटल आस्थालाई इच्छुकले अन्यत्र पनि व्यक्त गरेका छन् । सर्वहारा वर्गका महान् नेता लेनिनले समाजवादको माध्यमबाट साम्यवादको प्रवेशद्वारका रूपमा स्थापित गरेको पहिलो समाजवादी मुलुकलाई समाजवादी चिन्तनबाट पथभ्रष्ट पारेर मुलुक समेतलाई विखण्डित गर्ने कथित समाजवादीहरूलाई ललकार्दै कवि इच्छुकले आफ्नो मनबाट कहिल्यै कसैले समाजवादको अखण्ड ज्योतिलाई निभाउन नसक्ने उद्घोष खरो रूपमा गरेका छन् । यस सन्दर्भमा उनको भनाइ छ :

*मलाई पारिजातको आक्रोशजस्तै*
*चर्को उद्घोष गर्न मन लाग्छ*
*ए ! लालध्वजा च्यात्ने*
*लाल बादशाहहरू !*
*बर्लिनको पर्खाल ढालेजस्तै तिमीले*
*लेनिनको सालिकलाई क्रेनले ढाले पनि*
*मेरो मनभित्र उम्रेको आस्थाको सालिकलाई*
*ढाल्न कहिल्यै सक्ने छैनौ*
*हजारौं जीत र हारहरूको लामो लडाइँमा*
*एउटा लडाइँ परास्त गरेर*
*अन्तिम जीतको भ्रममा*
*त्यो महान् राष्ट्रलाई*
*हजारौं भागमा विखण्डित गरे पनि*
*समाजवादको अखण्ड ज्योतिलाई*
*नर्ककुण्डको चीसो पानी छम्केर*
*मेरो मनभित्र निभाउन कहिल्यै सक्ने छैनौ । ..*
*('बन्दी र चन्द्रागिरि', इच्छुक रचनावली भाग १, पृ. २९-३०)*

साम्यवादप्रतिको आफ्नो यस्तो अगाध विश्वास उनका अन्य कविताहरूमा पनि भेट्टाउन सकिन्छ । मानवद्वारा मानवमाथि गरिने शोषण-उत्पीडनबाट मुक्त भएर वास्तविक मानव बन्ने र साँचो अर्थमा जीवन बाँच्ने अवस्था साम्यवादमा मात्र आउँछ र साम्यवाद स्थापनाका लागि गरिने यात्रा कहिल्यै रोकिने छैन भन्ने दृढ अठोट उनले यस किसिमका कवितामा गरेका छन् । उनी भन्दछन् :

*लामो अँध्यारो रातपछि*
*झलमलाउने उज्यालो प्रभात जस्तै*
*आजको कालो अँध्यारो रात चिरेर*
*हाम्रो आस्थाको साम्यवाद*
*एक न एक दिन जरूर झुल्कनेछ*
*हाम्रो निष्ठाको बीजबाट*
*एक न एक दिन जरूर*
*नयाँ जीवनको नवाङ्कुर फुट्नेछ*
*र एक न एक दिन जरूर*
*हाम्रो सुखद र ऐश्वर्यपूर्ण भविष्यको*
*सुन्दर सयपत्री फुल्नेछ*
*साँचो अर्थमा जबसम्म*
*मानिस मानिस बन्न सक्ने छैन*
*साँचो अर्थमा जबसम्म*
*जीवन जीवन बन्न सक्ने छैन*
*र, साँचो अर्थमा जबसम्म*
*आजको यो कुरूप धर्ती*
*मान वजातिको सुन्दर बस्तीमा बदलिन सक्ने छैन*
*तबसम्म जारी रहनेछ*
*साझा संसार निर्माण गर्ने हाम्रो सङ्कल्पको यात्रा*
*तबसम्म जारी रहनेछ*
*साझा संसार निर्माण गर्ने हाम्रो सङ्कल्पको यात्रा..*
*('बन्दी र चन्द्रागिरि', इच्छुक रचनावली भाग १, पृ. ५५-५६)*

साम्यवादको साझा संसार निर्माण गर्ने सङ्कल्प र सङ्घर्षको यो यात्रा नेपालको वस्तुगत धरातलमा शान्तिपूर्ण तरिकाबाट सम्भव छैन र त्यसका लागि शस्त्रसन्नद्ध हुनैपर्छ भन्ने विश्वासका आधारमा कवि इच्छुकले आफूलाई माओवादी विद्रोहमा समर्पित गरेका हुन् र त्यस क्रममा भएका शौर्य, बलिदान र अदम्य साहसको महिमागान गाएका हुन् । हामी यस लेखमा त्यसको लेखाजोखा गर्नुभन्दा पनि इच्छुकका कवितामा व्यक्त भएका साहित्य सम्बन्धी विचारको निरूपण गर्ने प्रयासमा छौं ।

कवि 'इच्छुक'ले साहित्य सम्बन्धी आफ्नो विचारहरू 'बन्दी र चन्द्रागिरि' लगायत 'कविसँग', 'बन्दी सुगा र उन्मुक्तिको चाहना', 'प्रतिबन्ध', 'चिनियाँ कवि चेङ च्छूप्रति' र 'म अहिले निराश छैन' जस्ता फुटकर कविताहरूमा प्रत्यक्ष वा परोक्ष रूपले व्यक्त गरेका छन् । समाजवादी यथार्थवादी रचनाविधिका सिद्धान्तहरूलाई अत्यन्त सुन्दर रूपमा प्रस्तुत गर्ने उनको प्रयास सबभन्दा बढी 'बन्दी र चन्द्रागिरि'मा नै भएको छ । लामा कविताहरूको सङ्कलन भएको कारणले पनि सम्भवतः यसमा साहित्य सम्बन्धी उनको दृष्टिकोण सबभन्दा बढी मूर्त रूपमा आएको हो । जीवनको गतिशीलता र गतिशील यथार्थको चित्रणमाथि जोड, यथार्थका नवीन पक्षको समर्थन, छिपछिपेपनबाट माथि उठेर गहन चित्रण गर्नुपर्छ भन्ने सचेतता, युगीन यथार्थप्रति जागरुकता, क्रान्तिप्रेम, सत्यनिष्ठा, न्यायचेतना, आशावाद, भविष्यदृष्टि, सङ्घर्षशीलताको अवलम्बन, नकारात्मक पक्षका बीचमा पनि सकारात्मक तत्वको अन्वेषण, सार्थक सन्देशको पक्षपोषण, जीवनको सोद्देश्यता र सार्थकतामाथि बल, जीवनका नीचता र दुष्टताप्रति घृणा आदि आदि बुँदाहरूलाई यस कवितामा साहित्य लेखनका सिद्धान्तका रूपमा उनले प्रस्तुत गरेका छन् । र कवि इच्छुकले साहित्य साधनालाई किन आफ्नो अभिरुचिको प्राथमिक विषय बनाए भन्ने कुरालाई प्रस्ट पार्ने काम पनि यहाँ भएको छ । थप कवि इच्छुकको जीवनादर्शलाई पनि यस कविताशंले प्रकट गरेको छ । आफ्नो साहित्य सिद्धान्तलाई व्याख्या गर्दै उनी भन्दछन् :



*मैले लेख्नेछु*
*हामीले भोगेको गतिशील वर्तमानलाई*
*मैले लेख्नेछु*
*हामीले देखेको जीवनशील यथार्थलाई*
*मैले लेख्नेछु वर्तमान युगको*
*गहन र नवीन भाव अनुभूतिहरूलाई*
*त्यहाँ सच्चा जीवन हुनेछ*
*त्यहाँ सच्चा स्पन्दन हुनेछ*
*प्रेम हुनेछ*
*सङ्घर्ष हुनेछ*
*सन्देश हुनेछ*
*आशा र आकाङ्क्षाहरूले भरिपूर्ण*
*सुन्दर र मृदुल सपना हुनेछ*
*विपना हुनेछ ।*
*प्रिय चन्द्रागिरि !*
*समयको यस मोडसम्म*
*मैले कहिल्यै चाहिन निरुद्देश्य जीवन*
*उमेरको यस कालखण्डसम्म*
*मैले कहिल्यै बिताइन निष्क्रिय जीवन*
*काँडाको अँगालोमा पनि*
*मुस्कुराइरहने फूलहरूभित्र*
*मैले जीवनको सौन्दर्यबिम्ब देखेँ*
*समुद्रको छातीमाथिबाट*
*उठिरहने अशान्त ज्वारभाटा देखेँ ।*
*मैले चाहेँ सधैँ आँधी र हुरीमय जीवन*
*मैले चाहेँ सधैँ सार्थक र गरिमामय जीवन*
*मैले कुरूपताहरूबीच पनि सधैँ*
*जीवनको सुन्दरता खोजेँ*
*र, सधैँ नीचता र दुष्टताहरूलाई*
*हरपल घृणाले पिच्च थुकेँ ।*
*मलाई वसन्तसँगै आउने*
*झञ्झावात् र उल्कापात प्रिय लाग्छ*
*कहाँ हुन्छ जीवन सपाट सुख्खा बगर जस्तो*
*मलाई वेगवान् पहाडी नदी*
*र जलप्रपात प्रिय लाग्छ ।*
*म चाहन्छु जीवन*
*सुनछहरी जस्तै*
*स्वर्णिम बनोस्*
*उत्कट प्रेम र उल्लासले भरिपूर्ण बनोस्*
*म सधैँ सत्यको पक्षपाती बनूँ*
*मेरो जीवन न्यायको हिमायती बनोस् ।*
*('बन्दी र चन्द्रागिरि', इच्छुक रचनावली भाग १, पृ. ३-५)*

कविको निजी आत्माभिव्यक्तिका रूपमा प्रकट भए तापनि यी धारणाहरू कवि इच्छुकका साहित्य सम्बन्धी दृष्टिकोणहरू हुन् । यसमा निश्चय नै समाजवादी यथार्थवादका समग्र धारणाहरू समावेश हुन सकेका छैनन् र पनि त्यसका बढीभन्दा बढी आधारभूत विशेषताहरूलाई कवि इच्छुकले आफ्नो लेखनका उद्देश्यका रूपमा यहाँ प्रस्तुत गरेका छन् ।

कवि इच्छुकले २०४६ सालदेखि साहित्य सम्बन्धी दृष्टिकोणहरू कुनै न कुनै रूपमा कवितामा सामेल गर्ने गरेका छन् । २०४६ सालमा लेखिएको उनको कविता 'कविसँग'ले छन्द र रसमा अलमलिने, प्राकृतिक सौन्दर्यमा हुरुक्क भएर त्यसैका बारेमा मात्र कमल चलाउने र सामाजिक समस्या र पीडाबाट पलायन गरेर आकाश-कुसुममा रमाउने साहित्यकारहरूप्रति, विशेषतः कविहरूप्रति सामाजिक सरोकारका विषयमा किन कलम चलाउँदैनौ भन्ने प्रश्न राख्तै जनमनको हृदय चुम्न, जगका मर्मलाई कवितामा वाणी दिन र डुबिरहेको देश बचाउन कवितालाई साधन बनाउन आह्वान गरेको छ । कविताको अन्तिम अंशले भन्दछ ।

*कुन छन्द र कुन रसमा तिमीले*
*भन आजको कविता लेख्छौ*
*कुन प्रतीक र बिम्बहरूले सजाई*
*शब्द शब्दमा जादु भर्छौ*
*किन जनमनको हृदय चुमेर*
*तिम्रो कविता खुसीले रम्न सकेन*
*गला गलामा बज्न सकेन*
*हाहाकारमा देश डुबिरहेछ*
*तिमी कुन उपवन चाहारिरहेछौ*
*अन्धकारमा दिन गुज्रिरहेछ*
*तिमी कुन स्वप्न सिँगारिरहेछौ*
*लेख, कवि जगको मर्म उघारी*
*कति अझै गगन बिहारिरहेछौ ?*
*('कविसँग', इच्छुक रचनावली- भाग २, पृ. ४६)*

यो कविता भारतले नेपालको शासक वर्गसितको अन्तर्विरोधका कारणले नाकाबन्दी गरेको अवधि पछि लेखिएको थियो । भारतको नाकाबन्दी र शासकवर्गको अदूरदर्शी नीतिका कारणले गर्दा दैनिक रूपमा अत्यावश्यक पर्ने सामग्रीहरूको अभावबाट जनता अत्यन्त पीडित थियो र देश अन्धकारमा र हाहाकारमा थियो । तर मूल धारमा रहेका भनिने कविहरू भने जनताको यस पीडाका बारेमा मौन थिए । यसलाई लक्ष्यित गर्दै कविता भन्दछ :

*सुन्दर वसन्तमा मीठो रस घोली*
*किन कोइली 'कुहु-कुहु' बोलिरहेको छैन*
*किन शीतल सुगन्धी पवन मन्द- मन्द चलिरहेको छैन*
*कुन शोकले राष्ट्रभर सन्ध्यामा*
*घर घर बत्ती बलिरहेको छैन*
*कुन छली, बलीको प्रपञ्चमा परी*
*यो नाकाबन्दी टरिरहेको छैन*
*ए कवि ! पीडाको मसी चोबी*
*यस घडी किन तिम्रो कलमले देशको कविता लेखिरहेको छैन ?*
*(पूर्ववत, पृ. ४५)*

पञ्चायतको यो कालखण्ड राजतन्त्र र शासक वर्गले अभिव्यक्ति स्वतन्त्रताको अपहरण गरेको काल थियो । त्यसका विरुद्ध जनचेतना फैलाउने सचेतकहरूलाई कारागारमा कोच्नु मामुली कुरा थियो । फटाहाहरू, अर्काको श्रीसम्पत्ति लुट्नेहरू नै भलादमी हुने परिपाटी प्रबल थियो । यस्तो अपराध र दुष्कर्म हुँदाहुँदै पनि एकथरी साहित्यकारहरू कानमा तेल हालेर बसेका थिए । त्यसप्रति लक्षित गर्दै कवि इच्छुक भन्दछन् :

*गाउँ पसेर माउ लघार्दै स्याल हाकिदाउ घुमिरहेछ*
*गल्ली-गल्ली रछ्यान चहार्दै भोटे कुकुर पुच्छर सेपिरहेछ*
*सन्त बनेर मलसाप्रोले गायत्री मन्त्र जपिरहेछ*
*शूरा बहरहरू हराइरहेछन्, रित्तो गोठले दाम्लो सैंधिरहेछ*
*बिहान डाकेर बास्ने भाले खोर परेर थुनिइरहेछ*
*ए कवि ! आज कुन भाव विचारी*
*तिम्रो कविता निस्पन्द उँघिरहेछ ?*
*(पूर्ववत् , पृ. ४६)*

कविताले सामाजिक सरोकारबाट पलायन गर्ने कविहरूलाई प्रश्न मात्र होइन, व्यङ्ग्य समेत गरेको छ ।

'बन्दी सुगा र उन्मुक्तिको चाहना' मूलतः समकालीन यथार्थलाई प्रतिबिम्बन गर्ने उद्देश्यले लेखिएको कविता हो । तर यसअघि चर्चा गरिएको कवितामा झैं यसमा पनि कविलाई सम्बोधन गरिएको छ र नेपाली जनताले भोग्नु परेको चरम र करुण दुर्दशाप्रति मौन र बेखबरजस्तो बनेकोमा किन यस्तो गरेको भनेर प्रश्न गरिएको छ । अघिल्लो कवितामा जस्तै कवि इच्छुकले यसमा पनि सामाजिक समस्या र सरोकारबाट साहित्यकार उदासीन हुनु हुँदैन, समाजले सामना गर्नुपरेका समस्यालाई समाधान गर्न आफ्नो साहित्यबाट साहित्यकार प्रयत्नशील हुनुपर्दछ भन्ने भाव दिन खोजेका छन् । २०४६ सालको जनआन्दोलनपछि पञ्चायती व्यवस्थाको अन्त भयो र संसदीय व्यवस्थाको स्थापना भयो । जनआकाङ्क्षाका विपरीत राजतन्त्र र शासक वर्गके हितमा कार्यहरू भए । दाङ, बुर्तिवाङ, सुनवल जस्ता धेरै ठाउँहरूमा मानिसहरूको हत्या गरियो । वर्ग-बन्धुहरूको हत्या गर्नेहरूसित मितेरी गाँठो कसेर कतिपय मानिसहरू राजर्षि भोजहरूमा सामेल हुन थाले । सहिदहरूले ढालेका सालिकहरूलाई सम्मान गर्ने परिपाटी चल्यो । तर बर्षौं वर्षदेखि उन्मुक्तिको चाहना गर्ने नेपाली जनताले भने उन्मुक्तिको सास फेर्न पाएनन् ।

कविले यहाँ बन्दी सुगाका रूपमा नेपाली जनतालाई उभ्याएका छन् र पखेटा काटेर मालिकले स्वतन्त्र हुन हुकुम दिएको अवस्थामा यस सुगाले यतिखेर आफूलाई पाएको छ । कवि इच्छुकले यसबाट कवि वा साहित्यकारहरू बेखबर र मौन रहेको पाएका छन् र शासकवर्गको हरेक दुष्क्रियाकलापमा संलग्न पो भएको हो कि भनेर त्यसमा उनीहरूलाई खोज्ने प्रयास समेत गरेका छन् तर पनि कतै पाएका छैनन् । शासक वर्गका यी नकारात्मक र घृणित क्रियाकलापबाट सर्वथा बेखबर भएर साहित्यकार बस्न मिल्दैन, कवि कविताबाट यही सम्प्रेषित गर्न चाहन्छन् । उनी भन्दछन् ।

*वर्षौं कुँजिएका मेरा पखेटाहरू फटफटाउँदै*
*मैले नीलो, मुक्त आकाशमा वेग मार्न चाहेँ*
*गुम्सिएको दूषित हावामा निसास्सिइरहेको म*
*खुला र स्वच्छ वायुमा उन्मुक्त सास फेर्न चाहेँ*
*तर कठोर घुटन र तडपनपछिको*
*यो मेरो कस्तो उन्मुक्ति हो ?*
*कि मेरो मालिकले*
*मेरा पखेटाहरू काटेर टुटा पारिदियो*
*र मलाई स्वतन्त्र हुने हुकुम दियो*
*अनि म तावाबाट उफ्रेको माछा भुइँमा पछारिएँ*
*मेरो त्यो चिर सपना सपनामात्र भएको छ*
*वर्षौं साँचेको मेरो त्यो उन्मुक्तिको चाहना*
*केवल चाहनामात्र रहेको छ*
*यतिखेर मेरो चरम दुर्दशामा पनि मौन र बेखबरजस्तै*
*ओ ! मेरो प्रिय कवि तिमी कहाँ छौ ?*
*('बन्दी सुगा र उन्मुक्तिको चाहना' इच्छुक रचनावली- भाग २, पृ. ६०)*
*..मेरो मिठो बोलीलाई मेरो दयालु मालिक*
*सधैँ आफ्नै हवेलीभित्र थुनिरहन चाहन्छ*
*र केवल आफ्नै खुसीका लागि र मेरो गीत सुनिरहन चाहन्छ*
*मेरा पखेटाहरू काटिएका छन्*
*पिञ्जराभित्रको ढोका खुलै छ, तर म कैद छु*
*मेरो त्यो चिर सपना र सपनै भएको छ*
*बर्षौं साँचेको त्यो उन्मुक्तिको चाहना चाहनै रहेको छ*
*यतिखेर यो मेरो करुण दुर्दशामा पनि मौन र बेखबरजस्तै*
*ओ ! मेरो प्रिय कवि तिमी कहाँ छौ ?*
(पूर्ववत, पृ. ६२)

२०५५ मा प्रकाशित कविता 'प्रतिबन्ध'ले निरङ्कुश शासकवर्ग र तानाशाहहरूबाट निर्देशित सोच र आदेशलाई प्रगतिवादी साहित्यकारहरू अवज्ञा गर्दछन् र गर्नुपर्दछ भन्ने सन्देश प्रवाहित गर्दछ । आलोचना, आलोचना र आलोचना, पूँजीवादी सोच र चिन्तनको प्रतिकार -यही हो साहित्यकारको दायित्व, यसैलाई मुखरित गर्दछ कवि कृष्णसेन इच्छुकको यस कविताले । कवि भन्दछन् :

*हाम्रा स्वरहरूमा प्रतिबन्ध लगाउँदै*
*हाम्रा ओठहरूमा ताल्चा झुन्ड्याउँदै*
*तिमी भन्छौ- गाऊ न त गाऊ*
*तर यो गीत नगाऊ*
*हामी भने त्यही गीत गाइरहन्छौं ।*
*हाम्रा विचारमा प्रतिबन्ध लगाउँदै*
*हाम्रा हातहरूमा हत्कडी पहिर्याउँदै*
*तिमी भन्छौ- लेख्न त लेख*
*तर यो गीत नलेख*
*हामी भने त्यही गीत लेखिरहन्छौं ।*
*..ओ शासक र प्रशासकहरू !*
*अस्वीकार्य छ हामीलाई*
*तिम्रा निरङ्कुश आदेशहरू*
*तिमी जतिसुकै हुकुम र फरमानहरू जारी गर*
*तिमी जतिसुकै जुलुम र उत्पीडनहरू सुरु गर*
*सक्छौ भने हाम्रा चेतनाहरूमा प्रतिबन्ध लगाऊ*
*र सत्यलाई कैद गर*
*तर ओ तानाशाहहरू ?*
*तिम्रा बर्बर स्वेच्छाचारका विरुद्ध*
*हामी भने निरन्तर आवाज उठाइरहन्छौं ।*
*('प्रतिबन्ध' इच्छुक रचनावली- भाग २, पृ. १००-१०१)*

चेतनालाई प्रतिबन्ध लगाउने र सत्यलाई कैद गर्ने साहस कुनै पनि शक्तिसित छैन, प्रगतिवादी साहित्यकारहरू आफ्नो विचारधारामा सदैव अटल र दृढ रहिरहन्छन् भन्ने गहन विचारधारात्मक प्रतिबद्धता र वर्गीय पक्षधरतालाई पनि कविताले मूर्त पारेको छ । कृष्णसेन इच्छुकका सबैजसो कवितामा व्यक्त भएको, तर उनको माथि उद्धृत गरिएको 'बन्दी र चन्द्रागिरि'को कविताशंमा पर्न नसकेको समाजवादी यथार्थवादसम्बन्धी साहित्यिक धारणाको यो पक्ष पनि यस कवितामा आएर समावेश भएको पाइन्छ ।

## जनयुद्धका उपलब्धिको ...

सो जनयुद्ध रणनीतिक रक्षा र सन्तुलनको बीचबाट रणनीतिक प्रत्याक्रमणको प्रक्रियामा अगाडि बढ्यो। यसै बीचमा २०५६, २ असोज-कार्तिकमा सम्पन्न चुनवाङ बैठकले सशस्त्र जनयुद्धको कार्यदिशा र कार्यक्रम स्थगित गरी 'लोकतान्त्रिक गणतन्त्रको कार्यदिशा' पारित गरेर २०६२ मंसिर ७ गते तत्कालिन सात संसदवादी राजनीतिक दलहरुसित दिल्लीमा १२ बुँदे समझदारी गरि शान्ति प्रक्रियामा प्रवेश गर्‍यो।

२०५७ सालमा सम्पन्न दोस्रो राष्ट्रिय सम्मेलनले संविधानसभाको कार्यदिशा पारित गरेको थियो। त्यसको कार्यान्वयनमा जाने सिलसिलामा माओवादीले २०६४ चैत्र २८ गते सम्पन्न पहिलो ऐतिहासिक संविधान सभाको निर्वाचनमा भाग लियो। उक्त निर्वाचनबाट माओवादी संविधानमा सबैभन्दा ठूलो दलको रुपमा उपस्थित हुन सफल भयो। सरकारको नेतृत्व गर्न पनि पुग्यो। र, २०६५ मंसिरमा सम्पन्न माओवादीको खरिपाटी राष्ट्रिय भेलाले "सामन्तवाद तथा साम्राज्यवादविरोधी सारतत्व बोकेको जनताको संघीय गणतन्त्रात्मक संविधान बनाउन संविधानसभाबाट पहल गर्ने, यदि प्रतिक्रियावादी शक्तिबाट षड्यन्त्र भएमा जनविद्रोहमार्फत् महान् नेपाली क्रान्ति सम्पन्न गर्ने भन्ने नीति पारित गरियो। तर मुख्य नेतृत्वले पार्टीका यी महत्वपूर्ण निर्णयहरुलाई उल्ट्याउँदै चुनवाङ बैठकबाट पारित गरिएको लोकतान्त्रिक गणतन्त्रको कार्यदिशालाई नै रणनीतिमा बदलेर अगाडि बढेपछिबाट महान जनयुद्धका उपलब्धिहरु गुमाउने क्रम शुरु भयो।

महान दशवर्षे जनयुद्धले हारेको होइन, जनयुद्धको मुख्य नेतृत्व गरेका प्रचण्ड-बाबुरामले विचारमा हारेपछि जनयुद्धले सेटब्याक खान बाध्य भएको हो। प्रचण्ड-बाबुरामले साम्राज्यवादी तथा विस्तारवादीहरुका सामु लम्पसार परेर आत्मसमर्पण गर्न पुगेपछि महान् दशवर्षे जनयुद्धका उपलब्धिहरु धरापमा पर्न पुगेका हुन्। उनीहरुले वैचारिक तथा वर्गीय रुपमा समेत आत्मसमर्पण गर्न पुगेपछि उनीहरुकै हातबाट महान् जनयुद्धका प्रक्रियाअन्तरगत प्राप्त गरिएको समग्र युद्धकै उपलब्धिका रुपमा रहेका आधार इलाकाहरु, जनसत्ता, जनअदालत, जनसरकारहरु खारेज गर्ने काम भयो। देशी विदेशी प्रतिक्रियावादीहरु मूलतः भारतीय विस्तारवादको निर्देशन र योजनामा प्रचण्ड बाबुरामकै हातबाट जनमुक्ति सेना नेपालको विघटन गरियो। हतियार प्रतिक्रियावादी सरकारलाई बुझाइयो र पहिलो संविधान सभालाई रातारात विघटन गरेर भारतीय विस्तारवादको ग्राण्ड डिजाइन र निर्देशनमा दोस्रो संविधानसभाको कथित निर्वाचन सम्पन्न गराएको नाटक गरेर प्रतिगामी संविधान बनाउने र घोषणा गराउने कार्यमा प्रचण्ड बाबुरामले मुख्य भूमिका खेले।

वर्गसंघर्षको अपरिहार्यता

जनयुद्ध भीषण वर्गसंघर्ष थियो। त्यसैको बलमा उपलब्धिहरु प्राप्त भएका थिए। ती उपलब्धिहरु भौतिक रुपमा गुमाउन पुगे पनि जनयुद्धको त्यो वैचारिक विरासत हामीसितै छ। विचारले नै क्रान्तिलाई अगाडि बढाउने हो। जनयुद्धका उपलब्धिहरुको संरक्षण गर्न र थप उपलब्धिहरु प्राप्त गर्नका निम्ति हामी माओवादी क्रान्तिकारीहरु पुनः भीषण वर्गसंघर्षमा जानुपर्ने हुन्छ। हामीले सशस्त्र जनविद्रोहको वर्तमान नेपाली क्रान्तिको कार्यदिशा ठोस गरेका छौं। यद्यपी यो विद्रोहले दीर्घकालिन जनयुद्धको बाटो अपनाउनु पर्ने पनि हुन सक्छ। किनकि माओले भन्नुभएको छ, "छापामार युद्धलाई कहिल्यै पनि बिर्सनु हुँदैन।" यो कुरा साँचो हो, मानव समाजमा वर्ग रहेसम्म वर्ग संघर्ष अनिवार्य छ। नेपाली समाजलाई क्रान्तिकारी ढंगले बदल्नका लागि एक पटक भीषण वर्गसंघर्षमा अनिवार्य रुपमा जानु पर्नेछ। यो कुरा पनि साँचो हो कि पुनः गरिने जनयुद्ध पहिले गरिएको जनयुद्ध भन्दा दशौं गुणा भीषण हुने र नयाँ तरिकाको हुने कुरा पनि निश्चित छ।

अहिलेको क्रान्तिप्रतिको निराशा, अन्यौलता, अकर्मन्यता अस्थायी चीज मात्रै हो। क्रान्तिको दर्बियानमा यस्तो हुन्छ। सन् १९०७ को क्रान्तिको असफलतापछि सोभियत रुसमा पनि यस्तै भएको थियो। पछि सन् १९१२ को प्राग सम्मेलनबाट सोभियत कम्युनिष्ट पार्टी बोल्सेविकले लेनिनको नेतृत्वमा ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै विचार, सिद्धान्त, संगठन र कार्यदिशालाई पुनर्संगठित गरेर अगाडि बढेर मात्र सन् १९१७ मा महान रुसी अक्टुबर समाजवादी क्रान्ति सम्पन्न गरेका थिए।

चीनमा पनि बक्ररेखा पार गरेर मात्र क्रान्ति सम्पन्न गरिएको थियो। अक्टुबर १९३४ देखि अक्टुबर १९३५ सम्म पुरा एक वर्ष चिनियाँ लालसेनाले १२५०० किलोमिटर लामो अभियान (लङमार्च) पार गर्नु परेको थियो। ८० हजार लालसेना लामबद्ध हिडेको लालसेनाको फौज एकवर्षपछि यनान प्रान्तमा पुग्दा जम्मा ३००० लालसेना मात्र बचेका थिए। त्यसबखत निराशा छाउनु स्वाभाविक थियो। तर क. माओले 'लामो अभियान' नाम दिएको 'निकै नै टाढा पुग्नु छ, यी राता सिपाहीहरुले गाह्रो र साह्रो मान्दैनन् यी आँटी छोराछोरीले' भन्ने कविता लेखेर उत्साहित पार्नु भएको थियो, जो यस लेखको शुरुमा पनि उल्लेख गरिएको छ।

हामी क्रान्तिकारी माओवादीहरुले पनि अहिलेको परिस्थितिबाट निरास र पलायन भएर होइन, रुस र चीनको क्रान्तिको इतिहासको बक्ररेखाबाट समेत शिक्षा ग्रहण गरेर अगाडि बढ्न जरुरी छ। नेपाली क्रान्ति अवश्यम्भावी छ। अन्तमा, जाँदाजाँदै कमरेड माओको गौरवपूर्ण र क्रान्तिकारीहरुलाई साहस र हौसला भर्ने गरि लेखिएको कविता पस्केर यो लेखको बिट मार्दछु।

**लामो अभियान (कविता)**

निकै नै टाढा पुग्नु छ राता सिपाहीहरुले
गाह्रो र साह्रो मान्दैनन् आँटी छोराछोरीले।
डाँडा र काँडा पर्वत माला पानीका जलौरा
विरका निति हिमाल बन्छन् माटाका फुरौला।
हजार नदी हजार पहाड अगाडि तेर्सिएन्
लडाई खेल्न मान्छेका ति केही होइनन्।
तातुको साङ्लो फलामे पुल जति नै तातो होस्
यि राताराता मान्छेले छुदा त्यसको उठ्छ होस्।
मिङशानमाथि फैलिएको त्यो हिउमा कुल्चिदै
पौरेखीहरु अगाडि बढ्छन् आनन्द छर्कंदै।
बेरोकटोक अगाडि बढ्छन् यि राता मानिस
लक्ष्यमा आफ्नो पुगेरै छोड्छन् यि राता मानिस।

**- माओ त्सेतुङ**
चुनई, यनान, अक्टुबर, १९३५

## इतिहास रच्ने ...

अहिलेको राज्यसत्ता दलालको राज्यमा परिणत भएको भन्दै माओवादी केन्द्रको नेतृत्वमा रहेको पार्टीले नै अहिले देश र जनताविरुद्ध कदम चालेर विस्तारवादीको नांगो दलाली गरिरहेको उल्लेख गरे।

उनले देशमा ४० लाख सुकुम्बासीको टाउको ओताउने ठाउँ नभएका बेला सरकारले सुकुक्बासीको टहरामा डोजर लाएको स्मरण गर्दै उनीहरुको पुर्नस्थापना नहुन्जेलसम्म आफूहरुले लडिरहने उल्लेख गरे। विगतमा माओवादी नामधारी केही व्यक्तिले धोका दिएका कारण अहिले पनि जनतामा फेरि धोका हुन्छ कि भन्ने आशंका रहेको उल्लेख गर्दै महाचिव विप्लवले आफूहरु जनताको झुपडीबाट जनताको अधिकारका लागि बलिदान दिन तयार रहेको तर जनतालाई धोका दिन र संसदवादीका अघि लत्रिन तयार नरहेको उल्लेख गरे।

अहिले युवाहरु बेचिइरहेको उल्लेख गर्दै विदेश गएका युवाको रेमिट्यान्सबाट अर्थतन्त्र चलेपनि उनीहरुलाई संरक्षण गर्ने राज्यसँग कुनै नीति नै नरहेको उल्लेख गरे। उनले अहिलेको सरकारले उद्योगी व्यापारी, महिला, दलित, जनजाति कुनै पनि वर्ग क्षेत्र र सम्प्रदायलाई अधिकार नदिने उल्लेख गर्दै अहिलेको संघीयताको खाका जनताको अधिकार खोस्ने र दलालहरुको शासन लाद्ने नयाँ तरिका भएको बताए।

पहाडे र मधेसी जनतालाई भिडाउने कसरतमा अहिलेको सरकार रहेको उल्लेख गर्दै जनतालाई भ्रममा नपरी समाजवाद र साम्यवादका लागि लडाईमा तयार हुन आग्रह गरे। नेपाली जनतालाई फुटाउन ठूलो षडयन्त्र भइरहेको उल्लेख गर्दै यहाँका सर्वहारा वर्गले सामन्तवादी राज्यसत्ताका विरुद्ध गरेको संघर्ष गरेको स्मरण गरे।

अहिलेको सरकारले भूकम्प पीडितलाई अहिलेसम्म राहत प्रदान नगरेको, सहिद परिवार, वेपत्ता र घाइतेलाई अहिलेसम्म राहत नदिएको उल्लेख गर्दै निम्सरा राज्यले केही पनि गर्न नसक्ने भएकाले पुनः नयाँ संघर्षको तयारीमा लाग्न उनले आग्रह गरे।

विगतका सबै सन्धी सम्झौता खारेज हुनुपर्छ भन्ने प्रचण्डले नै असमान सन्धी सम्झौतालाई संस्थागत गरेको उल्लेख गर्दै उनले विगतमा राष्ट्रियताको नारा प्रचण्ड बाबुराम भारतीय विस्तारवादका अघि गरुढका अघि सर्प लटपटिएको जस्तो लटपटिएको उल्लेख गरे।

काठमाडौंको खुल्लामञ्चमा उद्घाटन भएको विप्लव नेतृत्वको माओवादीको ८ औं महाधिवेशनको बन्दसत्र रोल्पाको थवाङमा हुनेछ।

## अक्टोबर क्रान्ति...

आज हामी एकातिर जनयुद्ध दिवस र अर्कोतिर अक्टोबर क्रान्तिको शतवार्षिकी मनाउन गइरहेका छौं। अहिले हामीसित अक्टोबर समाजवादी क्रान्तिले स्थापना गरेका र त्यस प्रक्रियामा विश्वमा विकसित भएका समाजवादी राज्यसत्ता छैनन्। त्यसैगरी हामीसित जनयुद्धको क्रममा विकसित आधार इलाका र जनसरकार पनि छैनन्। तर हामीसित क्रान्तिले स्थापित गरेका समृद्ध अनुभव, शिक्षा, सहादत, त्याग र वीरताका अमोघ अस्त्र, मूल्य तथा विचार छन्। मार्क्सवाद-लेनिनवाद-माओवादको अपराजेय विचारधारा छ। विश्वमा साम्राज्यवाद र नेपालमा प्रतिक्रियावाद आफ्नै अनेकौं असमाधेय अन्तर्विरोध र सङ्कटहरुमा फसेका छन्। विश्व सर्वहारा वर्ग तथा उत्पीडित जनसमुदायका क्रान्ति एवम् मुक्तिका आदर्श तथा सपना यो वेला अझै सशक्त रुपमा मुखरित भएका छन् र क्रान्तिको आवश्यकता निकै टड्कारो बन्दै गएको छ। यद्यपि क्रान्तिले हारेको छ, तर त्यो क्षणिक मात्र हो। क्रान्ति हारजितका अनेकौं श्रृङ्खला र आरोह तथा अवरोहका घुम्तीहरु पारगर्दै अन्तिम विजयको दिशामा अगाडि बढने गर्दछ। इतिहासको द्वन्द्ववादले हामीलाई यही कुरा सिकाउँछ।

कमरेडहरु, इतिहासबाट शिक्षालिंदै वर्तमानमा सचेत एवम् क्रियाशील हुँदै र क्रान्तिको उज्ज्वल तथा जनताको इच्छित भविष्यप्रति आशावादी बन्दै गतिशील रुपमा दृढतापूर्वक अगाडि बढौं, विश्व र नेपालमा पनि क्रान्ति आवश्यक र संभव दुवै छ। यो वेला ऐतिहासिक अक्टोबर समाजवादी क्रान्तिको शतवार्षिकी र महान् जनयुद्ध दिवस मनाउनुको वास्तविक अर्थ र औचित्य यही नै हो।

१ फागुन २०७३

## देशैभर र ...

चार नम्बर तथा नवलपरासीको चोरमारामा पनि पार्टीले २२ औं जनयुद्ध दिवस मनाएको जनाएको छ।

**जनयुद्ध दिवस मनाउँदै संगठन निर्माण**

सिन्धुली, भक्तपुर, दैलेख, रामेछापलगायतका जिल्लाहरुमा तीन महिने अभियानकै बीचबाट दिवस मनाउँदै संगठन विस्तार समेत गरिएको छ। सन्धुली जिल्लामा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज शान्तिमान कार्कीको प्रमुख आतिथ्यतामा सहिद दिवस मनाउँदै देजमो र क्रान्तिकारी युवा लिगको २ नं इलाकाको कमिटि गठन गरिएको छ।

ज्ञानबहादुर स्याङतान संयोजक रहेको देजमो, नेपालको २ नं इलाका कमिटिका सदस्यहरुका गोपीचन्द्र बास्तोला, कृष्णकुमार राई, काजीमान खड्का, रामकुमार अधिकारी दुनवार, नैनबहादुर कार्की, लाल बहादुर कार्की, हेम बहादुर सेन्चुरी, होमबहादुर कार्की, पुजा राई, रंजीत कार्कीलगायत रहेका छन् भने कृष्णकुमार राई'अटल'को संयोजकत्वमा क्रान्तिकारी युवा लिग, नेपालको गठन गरिएको छ। लिगको सहसंयोजमा जीवन अधिकारी र सदस्यहरुमा सोहित धामी, सुरेश कुँमर दनुवार, रामकुमार अधिकारी, युवराज अधिकारी, सन्तोष बुढाथोकी, विकास लामा, हर्कराज राई, भोजबहादुर सुनुवारलगायत रहेका छन्। प्राप्त जानकारी अनुसार दुधौली क्याम्पसबाट इकाई सचिव युवराज अधिकारीको नेतत्वमा दर्जन बढी विघ्यार्थीहरु माके अखिल क्रान्तिकारी परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन्।

भक्तपुरबाट प्राप्त जानकारी अनुसार एक भेलाले क्रान्तिकारी युवा लिग, नेपालको भक्तपुर अध्यक्षमा राजु लोहनी, सचिव प्रवीण त्वान्जु र सदस्यहरुमा सुवीर कोजु, रामकोजु, कृष्ण खोजु, उमेश मगजु, उमेश शढ्वार, लक्ष्मी प्रसादकारुला, कृष्ण प्रसादज्याखो, तुलसीराम सिल्पकार, पवन रन्जीतकार, उमप्र बरेजु, सरीक सुवाल, जयरामप्रजाती, सुमन, लक्ष्मीप्रसादढुःमरु, दीपकवाइवा, पंकजलामा, लाल ब. मगर, दिपेश गदाल, कृष्ण ब. शाही, कुम्भखत्री, तेज ब. बुढाथोकी रहेको कमिटि गठन गरेको छ।

त्यसैगरी कृष्ण प्रसाद घेमसेघु अध्यक्ष रहेको र सदस्यहरुमा कमल ख्याजु, रामभक्त ह्योगोजु, राजेन्द्र मगजु, राम प्रसाद त्वान्जु, हरि सुन्दर श्रेष्ठ, कृष्ण प्रसाद ज्याख, लक्ष्मी प्रसाद दुमरु, उमेश शुहकार रहेको नेवाः राष्ट्रिय मुक्ति मोर्चाको जिल्ला कमिटि निर्माण गरेको छ।

त्यसैगरी, अखिल क्रान्तिकारी ट्रेड युनियन महासंघको पनि जिल्ला कमिटि निर्माण गरेको छ। रामकुमार दोङ अध्यक्ष रहेको र सुन्दर श्रेष्ठ-अटो, रमेश बोहरा-अटो, ज्ञान ब. तामाङ- उद्योग गोविन्द दाहाल-अटो, मदन लामा- उद्योग, कृष्ण श्रेष्ठ- गलैचा, मसली लामा, दिनेश लामा- अटो, पदम तामाङ-गलैचा, विकाश तामाङ, लक्ष्मी प्रसाद सुवाल- निर्माण, राजकुमार मगजुलगायत सदस्य रहेको कमिटि गठन गरेको हो।


### सुविधा सम्पन्न आवास, गौली ग्रुपको प्रयास

**गौली ग्रुपको विशेषताहरु**

१. शुन्य रकममा घडेरी पास गर्न सकिने।
२. आफुले चाहे जति मोहोडाका घडेरी लिन सकिने।
३. नगर विकासको आधाभुत मापदण्ड पूरा गरिएको।
४. बिजुली, खानेपानी र टेलिफोनको सुविधा भएको।
५. फराकिलो बाटो भएको।
६. रकम कम हुनेको लागि फाइनान्सको सुविधा भएको।
७. सरल ढङ्गले घडेरी पास गर्न सकिने।
८. गौली ग्रुपसँग घडेरी खरिद गर्ने ग्राहकले उक्त घडेरी पुनः बिक्री गर्न चाहेमा मुनाफा दिई संस्थाले नै खरिद गर्ने साथै अर्को घडेरीसँग एक्सचेन्ज पनि गर्न सकिने।

**विगत १५ वर्षदेखि घर जग्गाको कारोबारमा अत्यन्तै विश्वासिलो र भरपर्दो संस्था**

**गौली ग्रुप डेभलपर्स प्रा.लि.**

भरतपुर, चितवन, फोनः ०५६-५२०९३७, इमेलः gauligroup@gmail.com



नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

### जिल्ला विकास समितिको कार्यालय, कास्की

जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौ !

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

जन्म मृत्यु, विवाह, वसाई सराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफु बस्ने गाउँ विकास समितिका स्थानीय पञ्जिकाधिकारी (सचिव) वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु पर्दछ।

**व्यक्तिगत घटना दर्ता कसले गर्ने ?**

- जन्म तथा मृत्युको घटना परिवारको मुख्य व्यक्तिले।
- विवाहको घटना पति पत्नी दुवैले।
- बसाइँ सराईको घटना परिवार भए परिवारको मुख्य व्यक्तिले र व्यक्ति भए बसाइँसराइ गरी जाने व्यक्तिले।

**कसरी गर्ने ?**

गाउँ विकास समिति वा नगरपालिकामा निशुल्क पाइने फाराम भरी घटना भएको मितिले ३५ दिन भित्र घटना दर्ता गर्नु पर्दछ।


## बाग्लुङमा संगठन विस्तार अभियान तीव्र

**बाग्लुङ।** नेकपा (क्रान्तिकारी माओवादी)ले तीन महिने अभियान अन्तर्गत संगठन विस्तार अभियानलाई तीव्रता दिएको छ। पार्टीको बैधानिक मोर्चा देजमोको दमेक ७ कालापातलको वाड भेला सम्पन्न गरेको छ। पार्टीका जिल्ला सदस्य बिक्रम थापा र देजमोका गाउँ समिति दमेकका संयोजक लाल बहादुर छन्त्यालको बिशेष उपस्थितिमा सम्पन्न भेलाले वडाका निबर्तमान अध्यक्ष टेक बहादुर पाण्डे संयोजक र पुरन छन्त्याल सचिब रहेको वडा समिति निर्माण गरेको छ। सदस्यहरुमा चन्द्र बहादुर छन्त्याल, डिल बहादुर भुजेल, सम्मर बहादुर छन्त्याल, लक्ष्मुमण भुजेल, नीर बहादुर छन्त्याल, राजु बि.क., दिपेन्द्र, बसन्त बहिक, गौरव बि.क., तुल बहादुर छन्त्याल, कमल बि.क., गगन बि.क, बिद्रोही रहेका छन्।

यसैबीच, अभियानकै क्रममा पार्टीका केन्द्रीय सदस्य धनेश्वर पोखरेल र निलबहादुर पुनको विशेष उपस्थितिमा दमेक ग्राम समितिको बैठक सम्पन्न भएको छ। पार्टीका सह-सेक्रेटरी बिश्वको अध्यक्षतामा र जिल्ला सदस्य बिक्रम थापाको संचालन सम्पन्न बैठकले देजमो गठन गरेको छ। लालबहादुर छन्त्याल संयोजक र सदस्यहरुमा टेक बहादुर पाण्डे, गोपाल पुन, किरण, बिजय थापा, प्रेमबहादुर नेपाली, तारा, माया थापा, तिलचना बहिक रहेको कमिटि गठन गरेको छ।

## भ्रष्ट शिक्षकमाथि शिक्षक संगठनले कारबाही गर्ने

**काठमाडौं।** अखिल नेपाल राष्ट्रिय शिक्षक संगठनले भ्रष्ट तथा घुसखोरी शिक्षकहरुको भण्डाफोर र कारबाही गर्दै तीन महिने संगठन बिस्तार कार्यक्रम संचालन गर्ने निर्णय गरेको छ। शनिबार बुद्धनगरमा बसेको शिक्षक संगठनको प्रथम केन्द्रीय बैठकले फागुन १ देखि बैशाख १ गते सम्म आफ्ना केन्द्रीय पदाधिकारी र के.सदस्यहरुलाई भूगोल पार्टीसँग मिलेर संगठन बिस्तार गर्ने निर्णय गरेको छ। संगठनका अध्यक्ष विजयरत्न बज्राचार्यको अध्यक्षतामा बसेको बैठकमा पार्टी अध्यक्ष मोहन वैद्य किरण, प्रवक्ता हरिभक्त कँडेल लगायता नेताहरुको विशेष उपस्थिति रहेको थियो।

## जनकपुरमा पनि मनाइयो जनयुद्ध दिवस

**जनकपुर।** नेकपा (क्रान्तिकारी माओवादी) धनुषाले २२ औं जनयुद्ध दिवस समारोह मनाएको छ। आइतबार जनकपुरमा हसिया हथौडाको रंगौली बनाएर जनयुद्ध दिवस मनाएको हो। उक्त समारोहमा पार्टीका केन्द्रीय सदस्य तथा धनुषा जिल्ला इन्चार्ज रोशन जनकपुरी, केन्द्रीय सल्लाहकार शीतल कर्ण, जिल्ला सेक्रेटरी खेमराज यादव र जबस मोर्चा इन्चार्ज नन्दकुमार झा लगायतको उपस्थित रहेको थियो।

## आलोपालो

# नेवाः जातिको विशेषतामा आएको परिवर्तन

(सन्दर्भ नेवाः मोर्चाको राष्ट्रिय भेला)



**पवनमान श्रेष्ठ**

नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालको फागुण ६ र ७ गते तेस्रो राष्ट्रिय भेला हुन गइरहेको सन्दर्भमा हिजो नेवाः जातिले नेपालको राजनैतिक परिवर्तनमा खेल्दै आएको भूमिका र आगामी दिनमा यसले खेल्नु पर्ने र खेल्न सक्ने भूमिकाको बारे छलफल र बहसका लागि नेवाः जातिका विशेषता र विगत केही दशकमा यस जातिमा आएको परिवर्तन बारे छलफल गरी सही निचोडमा पुग्न आवश्यक छ र यस बारेमा आम रुपमा पनि छलफलको आवश्यकता छ । यस उद्देश्यका लागि यो संक्षिप्त लेख तयार पारिएको छ ।

नेवाः जाति काठमाडौं उपत्यकाको भूराजनैतिक परिस्थितिमा विकसित जाति भएको हुनाले नेवाः सभ्यता, संस्कृति र अर्थतन्त्र अनुरुप सामुहिक रुपमा समाजमा रहने, व्यवसाय संचालन गर्ने, चाडपर्व मनाइ मनोरञ्जन गर्ने, आफ्नो परिवार र आफन्तसंग रमाइ सन्तुष्ट हुने यस जातिको चारित्रिक विशेषता रही आएको छ । पृथ्वीनारायण शाहको गोर्खा राज्य विस्तारपछि नेवाःजाति राज्य संचालनबाट बहिष्कृत गरिएको अवस्थाले गर्दा यस जातिको राजनीतिमा चासो भएता पनि सहभागिता र सक्रियता खासै नरहने अर्को विशेषता देखिन्छ । तर सत्तासीन वर्ग र जाति नेवाः विरोधी रहेकोले नेवाःहरु पनि सत्ताको सदावहार विरोधी रहने अर्को विशेषता रहेको छ । यस जातिको सभ्यता, संस्कृति र अर्थतन्त्रका कारणले नेवाः जातिको चेत विद्रोहत्मक रहेको र उनीहरुको आन्दोलनमा सहभागीता विद्रोहात्मक र निर्णायक जस्तो रही आएको छ तर लामो तयारीका साथ संघर्ष गर्ने दिर्घकालीन संघर्षको चेत भने नभएको अर्को महत्वपूर्ण विशेषता रहेको देखिन्छ । ००७ सालको आन्दोलन, ०३६ सालको विद्यार्थी आन्दोलन र ०४६ सालको जनआन्दोलनमा भएका राजनैतिक परिवर्तनमा काठमाडौं उपत्यकामा नेवाः जातिले निर्णायक भूमिका खेल्यो । यसको कारण उपत्यकामा तात्कालिन अवस्थामा आधाभन्दा बढी जनसंख्या नेवाःको हुनु, नेवाः जातिभित्र निम्न वर्ग र बहुसंख्यक उत्पीडित किसानहरु रहनु, नेवाःको सामाजिक र आर्थिक अवस्था परम्परागत रुपले सुढृत रहनु, नेवाःहरुको बसोबास सामुहिक तथा केन्द्रीत रहनु र यस जातिको गैर जातीय शासक विरोधी मनोविज्ञान रहनु रहेको छ । तर विगत २५ वर्षमा नेवाः जातिमा ठुलो परिवर्तन आएको देखिन्छ । यसको कारणको रुपमा यस जातिको विघटन प्रक्रियालाई उल्लेख्य रुपमा लिन सकिन्छ । यसले गर्दा नेवाः जातिको विशेषतामा पनि परिवर्तन हुँदै गएको दखिन्छ ।

१० वर्षको महान् जनयुद्धमा नेवाः जातिको पनि सहभागिता, वलिदान र नेतृत्वको सापेक्षित रुपमा विकास देखिन्छ । नेवाः जातिको विशेषताको विपरित दिर्घकालीन युद्धमा तुलनात्मक रुपमा संख्यामा कममात्र सहभागिता भएता पनि बलिदान एक प्रकारले अचम्मित पार्ने खालका छन् । उपत्यकामा जनयुद्धको स्थिति मूल रुपमा रक्षात्मक रह्यो । यहाँ एकातिर नेवाः जातिको विषेशतामा परिवर्तन आउँदै गरेको अवस्था र अर्कोतिर जनयुद्ध एउटा गतिमा पुगेर नेवाःहरुलाई पनि विद्रोहात्मक रुपमा सहभागिता हुने अवस्थासम्मको विकास गर्न सकेन । माओवादी पार्टी शान्ति वार्ताको नाममा जनयुद्ध स्थगन गरेर वार्तामा आयो । यसै क्रममा माओवादी पार्टीको नेतृत्वमा आएको विचलन, राष्ट्रिय र वर्गीय आत्मसमर्पणले जनयुद्धको अवशान गर्ने काम भयो । त्यसैले जनयुद्धमा नेवाःहरुको सहभागीता इतिहासमा कम मात्र भएको दर्ज हुनु पनि स्वभाविक छ । तर यसको मापन भने ०६२/०६३ सालको जनआन्दोलनमा नेवाःहरुको सहभागिताको मुल्याङ्कन एकहदसम्म गर्न सकिन्छ । जनआन्दोलनमा नेवाःहरुको सहभागीता उल्लेखनीय नै रह्यो । तर नेवाः जातिको विशेषतामा आएको परिवर्तनले गर्दा यस अगाडिका जनआन्दोलनमा जस्तै नेवाःहरुको विद्रोहात्मक सहभागिता र आन्दोलनलाई उत्कर्षसम्म पुऱ्याउने खालको भएन । यसलाई हामीले गंभीरतापूर्वक लिनु पर्ने आवश्यकता छ । यद्यपि शासकदेखि तात्कालिन रुपमा सबैको बुझाइ नेवाः जाति सडकमा ओर्लेपछि आन्दोलन निर्णायक विन्दुमा पुग्छ भन्ने थियो र नेवाः जातिको आन्दोलनमा सहभागी नहोस् भनेर प्रतिक्रियावादी सत्ताले रिङ्गरोडभित्र कर्फ्यू लगाउने काम भयो । अब हुने आन्दोलनमा नेवाःहरुको सहभागिता र नेवाः आन्दोलनमा यसको विशेषतामा आएको परिवर्तनले गंभीर प्रकारको प्रभाव पार्ने स्पष्ट छ ।

नेवाः जातिको विशेषतामा किन यस्तो परिवर्तन आयो त ? नेपालको जनगणना ०७० अनुसार नेवाः जातिको जनसंख्या नेपालको जनसंख्याको करिब ५.६ प्रतिशत छ । नेवाः जातिको आदिथलो काठमाडौं उपत्यका भएर पनि यो देशैभरी फैलिएको छ र लगभग आधा नेवाःहरु उपत्यकाभन्दा बाहिर छन् । यसरी हेर्दा उपत्यकामा ७/८ लाखमात्र नेवाःहरु छन् । तर उपत्यकामा झण्डै ६० लाख जति मानिसहरु रहको अनुमान छ र स्थायी बसोवास गर्नेमात्र ३० लाख जति छन् । यो नेवाःहरुको जनसंख्याभन्दा दोब्बरभन्दा बढि छ र अस्थायी बसोवास गर्ने मानिसहरुको जनसंख्या पनि लिने हो भने नेवाःहरु १५ प्रतिशतभन्दा कममात्रै हुन्छ । नेवाःहरुको बासस्थान व्यापारिक र व्यवसायिक केन्द्रमा परिणत भएका छन् र यस केन्द्रका मालिकहरु पनि मूलतः गैर नेवाःहरु छन् । नेवाःहरुको व्यवस्थित, सामुहिक र केन्द्रीत बसोवास भताभुङ्ग भएर गएका छन् र नेवाःहरु उपत्यकामा र बाहिर छरिएर गएको अवस्था छ । गएको दुई दशकमा देशैभरीबाट काठमाडौं उपत्यकामा आप्रावशनको रुपमा बसाइँ सराइ गरी आउनेको संख्या रैथानेहरुको संख्याभन्दा दोब्बरभन्दा बढी रहेको छ । यो बसाइँ सराइ स्वभाविक जस्तो देखिए तापनि यसमा शासक जातिको निहित उद्देश्य र षडयन्त्र प्रमुख कारण रहेको छ । उपत्यकाका कृषियोग्य भूमि घरैघरले भरिएका छन् । जग्गाको मूल्यमा भएको वृद्धिले सानो टुक्रा जमीन हुनेहरु निम्न वर्गबाट मध्यम वर्गमा उठेको स्थिति छ भने जसको जमीन छैन, उनीहरु सुकुम्बासी र सर्वहारा बन्दै गएको स्थिति छ । नेवाः जातिभित्र सामुहिकता, श्रमबाट क्रमशः टाढिदै गएको अवस्था छ । अव्यवस्थित वसोवास, फोहर, पानी र इन्धनको अभाव, वेरोजगारी र अव्यवस्था नेवाःहरुको नियति बनाइएको छ । आज नेवाः जातिको मूल व्यवसाय व्यापार र कृपिबाट विस्थापन, आदिथलोबाट क्रमशः विस्थापन र नेवाः भाषा र संस्कृतिको विस्थापन हाम्रै आँखा अगाडि भइरहेको छ ।

विगतका आन्दोलन र त्यसको परिणामलाई हेर्दा, यसमा पनि मुख्यतः विगत एक दशकभित्र भएका राजनैतिक गतिविधिलाई हेर्दा यसले नेवाः लगायत सबै उत्पीडित जनतामा गंभीर प्रकारको नकरात्मक प्रभाव परेको स्थिति छ । महान् जनयुद्ध व ऐतिहासिक जनआन्दोलनको म्याण्डेट विपरित कालो संविधान घोषणा गरिएको छ । उत्पीडनको पहिचान, सोही आधारमा संघीयता, स्वायत्तता र स्वशासन, विशेषाधिकार, पूर्ण समानुपातिक र समावेशी प्रतिनिधित्व आदि सबै खारेज गरिएका छन् र महान् जनयुद्ध तथा जनआन्दोलनको विसर्जन र पटाक्षेप गरिएको छ । देशको नवऔपनिवेशिक अवस्थालाई संस्थागत गरिएको छ तथा देशको राष्ट्रियता गंभीर संकटमा पारिएको स्थिति छ । आज सत्तामा उही पुरानो र केही नयाँ प्रतिक्रियावादी दलाल शक्तिको हालीमुहाली छ । उत्पीडित जनता निराश छन् । नेवाःहरु पनि निराश छन् ।

नेवाःजातिको विशेषता जस्तोसुकै भए पनि नेवाः जाति आजको अवस्थामा सबैभन्दा बढी प्रत्यक्ष रुपमा उत्पीडित जाति हो । यस जातिको विशेषतामा आएको परिवर्तनले हिजोको जस्तो शसक्त र निर्णायक रुपमा राजनैतिक आन्दोलनमा प्रभाव पार्न सक्ने संभावना कम भएको छ । यो नेवाः आन्दोलन र नेवाः जातिका लागि नकरात्मक स्थिति हो । यसप्रति सच्चा नेवाः अगुवाहरुले गंभीरतापुर्वक सोच्न आवश्यक छ । यदि नेवाः जातिले उत्पीडनबाट मुक्ति चाहने हो भने सबै उत्पीडित वर्ग, समुदाय, लिङ्ग, क्षेत्रसंग एक भएर अगाडि बढ्नु पर्ने हिजोकोभन्दा बढि आवश्यक पर्न गएको अवस्था छ र यसको विकल्प छैन । यसका लागि सर्वहारा वर्गको प्रतिनिधी सच्चा क्रान्तिकारी कम्युनिष्ट पार्टीको नेतृत्वमा गरिने नयाँ जनवादी क्रान्तिबाट मात्र संभव छ र त्यसपछि बन्ने संघीय जनगणतान्त्रिक व्यवस्थाले मात्र नेवाः लगायत सबै उत्पीडितहरुको अधिकार संस्थागत हुनेछ । नेवाः जातिलागि नेवाः राज्य, पहिचानसहितको संघीयता, स्वायत्तता र आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृतीसहित स्वशासन तथा अग्राधिकार, पूर्ण समानुपातिक र समावेशी प्रतिनिधित्वको सुनिश्चित हुनेछ । यसले देशको आन्तरिक राष्ट्रियता मजबुट बनाउनुका साथै राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता र अखण्डता सुनिश्चित गरी मुलुकलाई प्रगतितिर दोऱ्याउने छ । त्यसैले सबै उत्पीडित, न्यायप्रेमी र सच्चा देशभक्तहरुले आज गंभीर भएर सोच्नु पर्ने वेला आएको छ । नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालको तेस्रो राष्ट्रिय भेलाले पनि नेवाः जातिको विशेषतामा आएको परिवर्तनबारे गंभीरतापूर्वक छलफल गरेर अगाडि बढ्नु पर्दछ ।

# अनेमसंघ (क्रान्तिकारी) को संगठन विस्तार तीव्र

**थारुवानमा दुर्गा अधिकारी**

अखिल नेपाल महिला संघ (क्रान्तिकारी) को थारुवान राज्य समिति गठन भएको छ । दुर्गा अधिकारीको संयोजकत्वमा गठन भएको समितिमा गंगा न्यौपाने, जानकी थारु, सुशिला आचार्य हेमन्ता घिमिरे, मगवती सिंह, मनवला भण्डारी, जुवानी राना थारु, इन्दिरा थारु, हरिकला घर्ती, सुनिता चौधरीलगायत रहेका छन् ।

**बर्दियामा जानकी थारु**

अनेमसंघ (क्रान्तिकारी) को बर्दिया जिल्ला समिति जानकी थारुको संयोजकत्वमा गठन भएको छ । समितिका अन्य सदस्यहरुमा सतयदेवी कठाउत, भावना कठायत, पार्वती जैसी, चनकुमारी थारु, सुनिता चौधरी, शिवा थारु, उमा थारुलगायत रहेका छन् ।

**बाँकेमा इन्दिरा थारु**

अनेमसंघ (क्रान्तिकारी) बाँकेको संयोजकमा इन्दिरा थारु चयन भएकी छन् । समितिको सदस्यहरुमा हरिकला घर्ती, सुष्मा न्यौपाने, ललिता रुचाल, लिली कामी, मनिषा परियार, टिका घर्तीलगायत रहेका छन् ।

**काठमाडौंमा शान्ता पण्डित**

अखिल नेपाल महिला संघ (क्रान्तिकारी) को काठमाडौं जिल्ला समिति गठन भएको छ ।

कुपण्डोलमा भएको एक भेलाले शान्ता पण्डितको अध्यक्षमा २५ सदस्यीय जिल्ला समिति गठन गरेको हो । समितिका उपाध्यक्षमा सुधा पाण्डे, अञ्जना शाही, कुमारी थापा मगर, सुमित्रा न्यौपाने, बैकुण्ठ लक्ष्मी श्रेष्ठ, सचिवमा अमिर मैया रञ्जित, कोषाध्यक्षमा पार्वती गुरुङ रहेका छन् ।

यसैगरी सदस्यहरुमा अङ्गुछिरिङ शेर्पा, अनिता पुरी, कल्पना थापा, विष्णुकुमारी पन्त, लक्ष्मी कोइराला, ममता राई, सुनिता श्रेष्ठ, हर्कमाया लिम्बू, सन्तोषी बोगटी, जानुका पराजुली, मञ्जु राना, कमला सिउठानेलगायत रहेका छन् ।

सुमित्रा न्यौपानेको अध्यक्षतामा भएको सो भेलामा पार्टीका केन्द्रीय सचिवालय सदस्य तथा नेवाः राज्यको महिला फ्याक्सन इन्चार्ज नगेन्द्र राई, अनेमसंघ (क्रान्तिकारी) का केन्द्रीय सचिवालय सदस्य तथा पार्टीका केन्द्रीय सदस्य एवं. काठमाडौं जिल्ला संयोजक शारदा महत, अनेमसंघ (क्रान्तिकारी) नेवाः राज्य संयोजक अम्बिका पाण्डे लगायतको सहभागिता रहेको थियो ।

**कास्की अध्यक्षमा मगर**

यस्तै अखिल नेपाल महिला संघ (क्रान्तिकारी) को कास्की जिल्ला भेला सम्पन्न भएको छ । भेलाबाट उर्मिला मगरको अध्यक्षतामा १७ सदस्यीय जिल्ला समिति गठन भएको छ ।

समितिको उपाध्यक्षमा दिलु थापा, सचिवमा धनमाया थापा, सहसचिवमा सविना परियार, कोषाध्यक्षमा विष्णु राना चयन भएका छन् । यसैगरी सदस्यहरुमा विष्णु सुनार, विनिता तामाङ, मीना कोइराला, पार्वती बराल, सविना सुवेदी, कुन्ती घले, दिलकुमारी बुढा मगर, सिता पुन, लक्ष्मी अधिकारी राना, कृष्णा घिमिरे पाठक, शर्मिला अधिकारीलगायत रहेका छन् ।

भेलामा अनेमसंघ (क्रान्तिकारी) की संयोजक कल्पना थापा, नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य रामजी थापा, देजमोका केन्द्रीय सदस्य सुशिला थापा, अखिल नेपाल आदिवासी जनजाति महासंघका केन्द्रीय सदस्य, भीम श्रीस, प्रध्यापक संगठनका उपाध्यक्ष पर्शुराम कोइराला, नेपाल छन्त्याल मुक्ति मोर्चाका अध्यक्ष बम ब. छन्त्याल लगायतले शुभकामना दिएका थिए ।

## प्रचण्डको नालायकी ...

उनको नियुक्तिलाई सदर या बदर गर्न सक्नेछ ।

प्रहरी महानिरीक्षक नियुक्ति लगत्तै वरिष्ठताक्रममा पहिलो नम्बरमा रहेका नवराज सिलवालले आफू चन्दभन्दा हरेक हिसाबले अगाडि रहेको भन्दै आईजीपी नियुक्तिको माग दाबी गर्दै सर्वोच्चमा मुद्धा हालेका छन् । उनले प्रहरी नियमावली २०७३ को नियम ४१ बमोजिम प्रहरी प्रमुख वनाइनुपर्ने माग गरेका छन् ।

सो नियममा वरिष्ठता, कार्यक्षमता, कार्यकुशलता, नेतृत्व क्षमतका आधारमा नेपाल प्रहरीको प्रमुख नियुक्त हुने उल्लेख छ । सिलवालले नियमावलीलमा उल्लेखित मापदण्डमा आफू अगाडि रहेको दाबी गरेका छन् । सिलवालले रिटमा यसअघि सर्वोच्च अदालतले प्रतिपादन गरेको नजिरको उल्लंघन नुहने गरी प्रहरी प्रमुख छनौट हुनुपर्ने माग दाबी गरेका छन् । सर्वोच्च नेपाल प्रहरीका दिनकर शमशेरको मुद्दामा सुनुवाई गर्दै बढुवा गर्दा वरिष्ठता मिच्न नपाइने सिद्धान्त प्रतिपादन गरेको थियो ।

सरकार स्थानीय निकायको निर्वाचनको तयारीमा लागिरहेका बेला कांग्रेसको दबाबमा प्रहरी महानिरीक्षक नियुक्तिमा राजनीति गर्दा प्रहरी संगठनभित्र भने भाँडभैलो मच्चिएको छ । आइतबार प्रहरी महानिरीक्षक नियुक्तिको निर्णय गर्न बैठक बस्ने भएपछि शनिबारराति नै बालुवाटार पुगेर काँग्रेस सभापति देउवाले चन्दलाई महानिरीक्षक नियुक्त गर्न दबाब दिएका थिए ।

वरिष्ठताका आधारमा नवराज सिलवाललाई नै आईजीपी बनाउने सोचमा रहेका प्रचण्डलाई बालुवाटारमा नै पुगेर देउवाले चन्दलाई महानिरीक्षक नबनाएर सरकारलाई दिएको समर्थन फिर्ता लिने चेतावनी दिएपछि प्रचण्ड लत्रिएका थिए ।

सोमबारदेखि नेपाल प्रहरी प्रमुखको पद खाली हुने भएका कारण आइतबार नै आईजीपी नियुक्त गर्नुपर्ने बाध्यता थियो । सोमबार वर्तमान प्रहरी प्रमुख उपेन्द्रकान्त अर्यालसँगै ११ जना एआईजीले एकसाथ अवकाश पाउदैछन् ।

विस २०४३ सालमा प्रहरी निरीक्षकबाट सेवा प्रवेश गरेका एआईजीहरु राजेन्द्र सिंह भण्डारी, सुरेन्द्रबहादुर शाह, विज्ञानराज शर्मा, प्रतापसिंह थापा, वीरेन्द्रबाबु श्रेष्ठ र रमेश शेखर बज्राचार्य ३० वर्षे सेवा अवधी पूरा गरी बिदा हुन लागेका हुन् । यादव अधिकारी, विश्वराज सिंह शाही, परशुराम खत्री र सुशीलवर सिंह थापाले पनि सोमबार नै अवकाश पाउनेछन् ।

नेपाल प्रहरीमा ७ जना एआईजीको मात्रै दरवन्दी भएपनि सुशील कोइरालाको पालामा भागबण्डा नमिलेपछि २ विषेश पद सृजना गरेर ९ जना एआईजी पुऱ्याइएको थियो । तर, यो बढुवामा पनि बरियता क्रम मिचिएको भन्दै चार जना डिआईजी अदालत गए । सर्वोच्चले एकपटकका लागि भन्दै बाँकी चार जनालाई पनि एआईजी बनाउन आदेश दिएको थियो । त्यही आदेशबाट एआईजी भएका अधिकारी, शाही, खत्री र थापाले पनि सोमबार अवकास पाउँदैछन् । १३ जना मध्ये नारायण बस्ताकोटी र गणेशराज राईले यसअघि नै अवकाश पाइसकेका छन् । उपेन्द्रकान्त अर्यालले अवकाश पाएसँगै सर्वोच्चको आदेशपछि आईजीपीको पद खाली हुने भएपछि कार्यबहाक महानिरीक्षकको जिम्मा डा.दिनेशचन्द्र पोखरेलले पाउने भएका छन् । उनी प्रहरी अस्पतालका प्रमुख हुन् ।

## २२ औं जनयुद्ध ...

सन्तुलनको चरण पार गर्दै प्रत्याक्रमणको दिशामा विकसित हुँदै गएको जनयुद्धले पार्टीको मूल नेतृत्वमा दक्षिणपन्थी अवसरवादी विचलन पैदा हुनुको कारण गम्भीर प्रकारको धक्का खान पुग्यो । हामी त्यस प्रकारको विचलनका विरुद्ध विद्रोह तथा सम्बन्ध-विच्छेद् गरी नयाँ ढंगले अगाडि बढिरहेका छौं ।

नेपालमा सञ्चालित महान् जनयुद्धको प्रक्रियामा जनताका चौध हजार जति छोराछोरी, जनमुक्ति सेनाका वीर योद्धा र पार्टीका कैयौं नेता तथा कार्यकर्ताहरुले त्याग, वीरता र बलिदानका अद्भूत कीर्तिमान् कायम गरे । बाइसौं जनयुद्ध दिवसको यस ऐतिहासिक अवसरमा हामी वीर अमर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । राज्यद्वारा वेपत्ता पारिएका योद्धाहरुप्रति विशेष सम्मान जाहेर गर्दछौं । त्यसैगरी, घाइते अपाङ्ग योद्धाहरुप्रति विशेष सम्मान प्रकट गर्दछौं । यसै क्रममा हामी सहिद तथा वेपत्ता योद्धका परिवारजनहरुप्रति पनि सम्मान व्यक्त गर्दछौं । साथै, हामी राष्ट्रिय र अन्तराष्ट्रिय स्तरका सबै शुभेच्छुक, समर्थक तथा सहयोगी जनसमुदाय र भाइचारा पार्टीहरुसहित सम्पूर्ण पार्टी कमरेडहरुप्रति हार्दिक शुभकामना तथा क्रान्तिकारी अभिवादन व्यक्त गर्दछौं ।

आज विश्वमा र नेपालमा पनि क्रान्तिका लागि वस्तुगत परिस्थिति परिपक्व बन्दै गए पनि आत्मगत परिस्थिति कमजोर रहेको छ । नेपालमा दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्गको राज्यसत्ताको शोषण, उत्पीडन र हैकम बढ्दै जानुको साथै साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेप पनि तीव्र बन्दै गैरहेको छ । यो बेला नेपाली कम्युनिस्ट आन्दोलनमा दक्षिणपन्थी संशोधनवादको खतरा उत्कर्षमा पुगेको छ । यस स्थितिमा बाइसौं जनयुद्ध दिवस मनाउनुको अर्थ तथा औचित्य प्रतिक्रियावादी राज्यसत्ताको विरोध तथा विकल्पमा नयाँ जनवादी राज्यसत्ताको स्थापनाका लागि क्रान्तिको तयारीका कामलाई अगाडि बढाउनु, दक्षिणपन्थी संशोधनवादको भण्डाफोर गर्नु र सच्चा क्रान्तिकारी कम्युनिस्टहरुलाई एकताबद्ध तुल्याउनु हो । यस प्रकारको उद्देश्य प्राप्त गर्नका निम्ति हामीले मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा पार्टीको कार्यदिशा, नीति तथा कार्यक्रमलाई अझै समृद्ध तथा जुझारु तुल्याउँदै जान र विगतका गल्ती, कमी तथा कमजोरीहरुको वैज्ञानिक समीक्षा गर्दै आगामी दिनमा क्रान्तिको दिशामा दृढतापूर्वक अगाडि बढ्न आवश्यक छ ।

क्रान्ति आवश्यक र संभव दुवै छ । विचारधारात्मक, राजनीतिक तथा सांगठनिक रुपमा क्रान्तिको तयारीको दिशामा सिङ्गो पार्टीपङ्क्तिलाई अनुशासित, जुझारु तथा कृयाशील तुल्याउँदै अगाडि बढौं । बाइसौं महान् जनयुद्धको यस ऐतिहासिक अवसरमा सम्पूर्ण कमरेडहरु तथा जनसमुदायमा हार्दिक शुभकामना ! क्रान्तिकारी अभिवादन तथा लाल सलाम ‼”

## अखिल (क्रान्तिकारी)को अध्यक्षमा सेवन्त राज भण्डारी

**ललितपुर ।** संगठनको राष्ट्रिय भेलाले अखिल (क्रान्तिकारी)को अध्यक्षमा सेवन्त राज भण्डारीलाई निर्वाचित गरेको छ । माघ २४-२६ सम्म चलेको राष्ट्रिय भेलाले १२५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ भने अगामी बैठकले अन्य पदाधिकारी छनौट गर्ने र आसन्न स्ववियू निर्वाचनलाई लक्षित गरी कार्यक्रम तय गर्ने संगठनको केन्द्रीय कार्यालयले जनाएको छ । क्रान्तिकारीले स्ववियू निर्वाचनमा तीन दलीय विध्यार्थी संगठनले लादेको सिन्डिकेटको कडा विरोध गर्दै आएको छ ।






**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं